**(६) नेपालमा विकासका साझेदारहरूसँगको सहकार्यमा देखिएका समस्याहरू एवम् सो समस्या समाधानका लागि आफ्ना विचारहरू व्यक्त गर्नुहोस् ।**

**विकासका साझेदारसँगको सहकार्यमा देखिएका समस्याहरू**

- ★ सरकारको भूमिका र कार्यक्षेत्रको सम्बन्धमा स्पष्ट दृष्टिकोण बन्न नसक्नु । कहिले राज्यले सम्पूर्ण क्षेत्रमा योगदान गर्नुपर्छ भन्ने दृष्टिकोण राख्ने त कहिले व्यावसायिक क्षेत्र निजी क्षेत्रका लागि खुला राख्नुपर्दछ भन्ने मान्यता राख्ने ।
- ★ राजनीतिक अस्थिरता एवम् संक्रमणकालीन अवस्थाका कारण विकास नीतिमा अस्थिरता र असमाञ्जस्यता हुनु ।
- ★ अस्थिर राजनीति एवम् सरकारका कारण अन्तर्राष्ट्रिय दातृ समुदायका गतिविधिहरू सहयोग गर्ने मनसायले भन्दा पनि आफ्नो प्रभुत्व स्थापित गर्ने मनसायले सञ्चालन हुनु ।
- ★ सार्वजनिक निजी साझेदारीको स्पष्ट नीति र कार्यविधि निर्धारण गरी कार्यान्वयन नगरिनु ।
- ★ निजी क्षेत्रको लगानी प्रवाह र परिचालनका लागि तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरू पहिचान गर्न नसक्नु ।
- ★ निजी क्षेत्रको लगानी दिगो प्रतिफल प्राप्त हुने उत्पादनमूलक क्षेत्रमा भन्दा क्षणिक लाभका क्षेत्रमा बढी केन्द्रीत भएको अवस्था ।
- ★ निजी क्षेत्रको मुनाफा आर्जनका लागि व्यावसायिक नैतिकता एवम् सामाजिक उत्तरदायित्वलाई बिर्सिएर आफ्ना क्रियाकलाप सञ्चालन गर्नु ।
- ★ गैरसरकारी संस्थाहरू जनमुखी र सेवामुखी उद्देश्य अनुरुप परिचालन हुन नसक्नु ।
- ★ लामो समयदेखि स्थानीय निकायको निर्वाचनको अभावमा स्थानीय निकायहरू जनप्रतिनिधि विहिन हुँदा स्थानीय स्तरमा विकास गतिविधिहरूमा सुस्तता हुनु ।
- ★ विकेन्द्रीकरणको अवधारणा अनुरुप स्थानीय स्वायत्त शासनको सारभूत प्रयोग हुन नसक्नु ।
- ★ राजनीतिक रुपमा निष्पक्ष एवम् स्वतन्त्र नागरिक समाजको अभावमा नागरिक समाज राजनीतिक रुपमा विभाजित भई लाभको अभिष्टले परिचालित हुँदै जाने प्रवृत्ति बढ्दै जानु ।
- ★ गैर सरकारी संस्थाहरू सरकारको सहायकको रुपमा भन्दा प्रतिस्पर्धात्मक भूमिका तर्फ अग्रसर हुनु ।
- ★ गैर सरकारी संस्थाहरू जनमुखी र सेवामुखी उद्देश्य अनुरुप भन्दा पनि आफ्नो निहित स्वार्थ पूर्तिका लागि अग्रसर हुने प्रवृत्तिको विकास हुँदै जानु आदि ।

**समस्या समाधानका उपायहरू**

- ★ विकास प्रक्रियाको सफल सञ्चालन एवम् असल अभ्यासका लागि सरकारको भूमिका र कार्यक्षेत्र बारे स्पष्ट दृष्टिकोणको विकास गर्नुपर्ने ।
- ★ राजनीतिक सहमतिका माध्यमबाट उत्पन्न विवादको/समस्याको समाधान गरी स्थिर सरकारको निर्माण गर्नुपर्ने ।
- ★ माटो सुहाउँदो विकासको दीर्घकालीन रणनीति निर्माण गरी सो अनुरुपका क्रियाकलाप सञ्चालनको सुनश्चितताको लागि राजनीतिक प्रतिबद्धता व्यक्त गर्ने ।
- ★ निजी क्षेत्रको लगानी आकर्षित गर्नका लागि लगानी मैत्री वातावरणको निर्माणमा जोड दिनुपर्ने ।
- ★ सार्वजनिक निजी साझेदारीको सफल प्रयोगको लागि स्पष्ट नीति र कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।
- ★ गैर सरकारी संस्थाहरूको सञ्चालन अनुमति, क्षेत्र निर्धारण तथा कार्यक्रम सञ्चालनका लागि मापदण्ड तयार गरिनुपर्ने ।
- ★ स्थानीय निकायबाट गरिने श्रोत साधनको परिचालनमा अनियमितता हुने गरेको गुनासोलाई सम्बोधन गर्न नियमितता, पारदर्शिता एवम् जवाफदेही सुनिश्चित हुने गरी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- ★ निष्पक्ष एवम् स्वतन्त्र नागरिक समाजको निर्माण गरी विकासको परिमाण र गुणस्तर अभिवृद्धिका लागि आवश्यक खबरदारी, पैरवी र नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने ।
- ★ वैदेशिक सहायता आफ्नो राष्ट्रको आवश्यकता अनुरुप प्राप्त गर्ने तथा परिचालन गर्नेतर्फ जोड दिने नकि दाताको दबाबका भरमा होस् ।
- ★ स्थानीय स्तरमा विकास प्रक्रियामा नागरिकको सक्रियताका साथ संलग्न एवम् परिचालन गरी विकास प्रतिको अपनत्व एवम् स्वामित्व अभिवृद्धिका माध्यमद्वारा दिगो विकास प्राप्तीतर्फ लक्षित हुनुपर्ने ।
- ★ स्पष्ट रुपमा राष्ट्रिय प्राथमिकताहरूको निर्धारण गरी सोही अनुरुप राष्ट्रिय नीतिका आधारमा वैदेशिक सहायताको परिचालन गर्ने ।

Question Bank Nepal

★ विकास प्रक्रियामा सबै साझेदारहरूमा सामाजिक उत्तरदायित्वको भाव विकास गर्नुपर्ने ।

अन्त्यमा विश्वमा आएको परिवर्तनसँगै विकास प्रक्रियामा पनि जटिलताहरू थपिँदै गएको आजको परिप्रेक्ष्यमा बहुपात्रको संलग्नतामा सञ्चालन गरिने विकास प्रक्रियाले मात्र अपेक्षित प्रतिफल दिन सक्ने हुन्छ जुन दिगो विकासका लागि समेत आवश्यक छ । तसर्थ विकास प्रक्रियामा राज्यको संलग्नताका साथसाथै निजी, गैरसरकारी, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज एवम् स्थानीय समुदायको सन्तुलित र सम्य सहभागिता नै आजको आवश्यकता हो ।

**(७) द्वन्द्व संवेदनशील विकास भन्नाले के बुझ्नुहुन्छ ? सशस्त्र द्वन्द्वका कारणहरू उल्लेख गर्दै द्वन्द्व संवेदनशील विकास कस्तो हुनुपर्दछ ? बुँदागत रुपमा स्पष्ट पार्नुहोस् ।**

**द्वन्द्व संवेदनशील विकास**

द्वन्द संवेदनशील विकास भन्नाले द्वन्द्व रुपान्तरणको अवस्थामा/शान्ति स्थापनाको अवस्थामा विकास निर्माणका कार्यहरू गर्दा द्वन्द्वबाट प्रभावित पक्षहरूको आवश्यकताको प्रवर्द्धन हुने गरी एवम् हितको प्रवर्द्धन हुने गरी सञ्चालन गर्नुलाई बुझिन्छ ।

द्वन्द्व संवेदनशील विकासले द्वन्द्व वा हिंसा पछिको भौतिक वस्तुस्थितिका अलावा मानवीय संवेदनशीलताको अवस्थासँग सरोकार राख्दै सोही अनुसार आवश्यक कदम चाल्नुपर्ने कुरामा जोड दिन्छ । द्वन्द्व संवेदनशील विकासले द्वन्द्व पछिको अवस्थाको विकाससँग मात्र सम्बन्ध नराखेर यस अवधराणाले कुनै पनि क्षेत्रमा विकास निर्माण कार्यहरू गर्दा सबै पक्षको इच्छा, चाहना, माग र आवश्यकतालाई संबोधन हुने गरी सञ्चालन गर्नुपर्दछ ताकि सो विकासले कुनै पनि प्रकारको द्वन्द्वको सिर्जना नगरोस् भन्ने कुरालाई जोड दिन्छ ।

द्वन्द्व संवेदनशील विकासले द्वन्द्वको प्रभावलाई विकासको माध्यमबाट न्यूनीकरण गर्नुपर्ने तथा कुनै पनि विकास प्रक्रियाले द्वन्द्वको सिर्जना गर्नु हुँदैन भन्ने मान्यता राख्दछ । द्वन्द्व संवेदनशील विकास विकासका क्रियाकलाप र प्रभावित परिवेशको सान्दर्भिकताबीच हुने दोहोरो गहन अन्तरक्रियात्मक समझदारी हो, जसले विकास प्रक्रियालाई द्वन्द्वका विविध नकारात्मक प्रभावको न्यूनीकरण गरी सकारात्मक पक्षको प्रवर्द्धनमा सहयोग पुऱ्याउने गरी सञ्चालन गर्दछ ।

द्वन्द्व संवदनशील विकासले कार्यान्वयनमा जाने हरेक विकास परियोजनाले समाजमा सदैव सकारात्मक नतिजा दिन सक्नुपर्दछ भन्ने विषयमा अग्रिम विश्लेषण गरी सगजता अपनाउँदछ ।

**सशस्त्र द्वन्द्वका कारणहरू**

द्वन्द्वको उग्रस्वरुप सशस्त्र द्वन्द्व हो । यस्तो द्वन्द्वका विविध कारणहरू हुन सक्दछन् । जसमध्ये केही प्रमुख कारणहरू देहाय बमोजिम छन् :-

★ असफल राजनीतिक नेतृत्व एवम् देशमा अनियमितता, भ्रष्टाचारको विगबिगी एवम् पक्षपातपूर्ण व्यवहारको अवस्था ।

★ उच्च गरिबी, बेरोजगारी एवम् आर्थिक विश्रृंखला/अनुशासनहिनता ।

★ राज्य भित्रको कुनै पनि भूभागमा सरकारले आफ्नो उपस्थितिको आभाष दिलाउन नसक्नु वा नियन्त्रण गुमाउनु ।

★ प्राकृतिक स्रोत साधन उपर सीमित वर्ग वा समूहको नियन्त्रण ।

★ सक्षम एवम् सकारात्मक सोच सहितको शान्तिपूर्ण विवाद समाधानको अभाव ।

★ अवसरहरू (शैक्षिक, आर्थिक, स्वास्थ्य एवम् सामाजिक) को असमानतापूर्ण एवम् विभेदपूर्ण वितरण ।

★ आफ्नो भूमिका निर्वाहमा असक्षम कमजोर नागरिक समाज ।

★ जातीय भातृत्व एवम् धार्मिक सहिष्णुताको अभाव ।

★ विचार तथा अभिव्यक्तिको स्वतन्त्रता माथि अनुचित बन्देज ।

★ विभेदपूर्ण एवम् एकपक्षीय प्रशासनिक सुधार ।

★ निश्चित क्षेत्रमा मात्र राज्यको उपस्थिति एवम् लगानी केन्द्रित ।

★ विगतको सशस्त्र समूहको Legacy एवम् बाह्य हस्तक्षेप आदि ।

नेपालमा विगतको सशस्त्र द्वन्द्वका कारणहरूमा सदियौं देखि विद्यमान गरिबी, पूर्वाधार विकासमा क्षेत्रीय असन्तुलन, राज्य संरचनामा जातीय/भाषिक/ धार्मिक असमानता, समाजमा विद्यमान वर्गीय शोषण, महिला/ अल्पसंख्यक/ जनजाती माथि विभेद, भूमिको असमान वितरण, वैदेशिक सहयोगको बढ्दो आप्रवाह एवं दुरुपयोग, श्रोत साधन माथि सीमित व्यक्तिको पहुँच, द्वन्द्वको शुरुवातमा अत्याचार र बर्बरतापूर्ण एवं राजनैतिक प्रतिशोधयुक्त दमन आदिलाई लिन सकिन्छ ।

Question Bank Nepal

**द्वन्द्व संवेदनशील विकास कस्तो हुनुपर्ने**

द्वन्द्व समग्रमा कुनै पनि मुलुकको विकासका लागि असहज एवम् प्रतिकूल अवस्था भएकोले यस्तो अवस्थामा विकास क्रियाकलापहरूको सञ्चालन, व्यवस्थापन र विकासका प्रतिफलहरू उपभोग समेत सहज रुपमा गर्न सकिँदैन । त्यसैले द्वन्द्व संवेदनशील विकास अगाडि बढाउँदा विभिन्न ढाँचा एवम् शैलीहरूको सही रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । समग्रमा द्वन्द्व संवेदनशील विकास कस्तो हुनुपर्दछ भन्ने सन्दर्भमा देहाय बमोजिमका बुँदाहरूमा स्पष्ट पार्न सकिन्छ :-

★ द्वन्द्व र यसका कारणहरूको पहिचान एवम् विश्लेषण गरेर विकास योजनाहरू द्वन्द्व संवेदनशील विकास योजनाका रुपमा अगाडि सारी कार्यान्वयन ल्याउनुपर्छ ।

★ स्थानीय सरोकारवालाहरूसँगको सम्पर्क र समन्वयनमा द्वन्द्व संवेदनशील विकास योजनाहरू तर्जुमा गरी निजंहरूको सक्रीय सहभागितामा कार्यान्वयनमा ल्याउनुपर्छ ।

★ पुनर्निर्माण तथा विकास आयोजनाहरूको प्रतिफल सबै क्षेत्र र वर्गमा समान ढंगले वितरण गर्ने गरी द्वन्द्व संवेदनशील विकास अगाडि बढाउनुपर्छ ।

★ विकासबाट द्वन्द्व भण्ड्किन सक्ने अवस्था आउन नदिन द्वन्द्व संवेदनशील विकास योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, पृष्ठपोषण लगायतको सबै चरणहरूमा विशेष रुपमा पूर्व सावधानी पुऱ्याउनुपर्छ ।

★ द्वन्द्व संवेदनशील विकासबाट द्वन्द्व भड्किन गएमा यसको प्रभावलाई सम्बोधन गर्न सक्ने पद्दतिहरूको पूर्व पहिचान समेत गर्नुपर्दछ ।

★ द्वन्द्व संवेदनशील विकासका क्रममा विकास योजनाहरू छनौट गर्दा स्थानीय अर्थतलाई समर्थन गर्ने एवम् स्थानीय जनताहरूलाई रोजगारीका अवसरहरू प्रदान गर्न सक्ने योजनाहरू छनोट गर्नुपर्दछ ।

★ द्वन्द्व संवेदनशील विकासका क्रममा राजनीति र प्रशासन क्षेत्रबाट हुन सक्ने भ्रष्टाचारलाई कुनै पनि हालतलमा रोक्न सक्ने संयन्त्र समेतको व्यवस्था गर्नुपर्दछ ।

★ द्वन्द्वको समयमा विकासको ढाँचा एवम् प्रक्रिया सहज, खुला, पारदर्शी, लचक बनाई पिछडिएको क्षेत्र र विपन्न वर्गमा केन्द्रित गर्नुपर्दछ ।

★ द्वन्द्वग्रस्त क्षेत्रमा राज्यका प्रतिनिधिहरूको सहज उपस्थिति हुन नसक्ने अवस्था रहन सक्ने हुँदा स्थानीयस्तरका गैरसरकारी तथा सामुदायिक संगठनहरूको सहायतामा विकास गतिविधिहरू सञ्चालन गरिनुपर्दछ ।

★ द्वन्द्व संवेदनशील विकासमा खटिने विकास प्रशासकमा द्वन्द्वको समयमा पनि सहज रुपमा कार्य सम्पादन गर्न सक्ने क्षमताको विकास गर्न लक्षित तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

★ द्वन्द्व संवेदनशील विकास योजनाका साथसाथै पुनर्निर्माण एवम् मानवीय सहायताका कार्यक्रमहरू पनि साथसाथै कार्यान्वयनमा लैजानुपर्दछ ।

अन्त्यमा जुन प्रारुपको विकासले द्वन्द्वको समाधान र व्यवस्थापनलाई प्रत्यक्ष सघाउ पुऱ्याई शान्ति स्थापनाका लागि योगदान पुऱ्याउँछ, त्यस्तो विकास प्रारुपलाई नै द्वन्द्व संवेदनशील विकास भनिन्छ । त्यस्तो विकास असहज परिस्थितिमा सञ्चालन गर्नुपर्ने हुनाले माथि उल्लेखित विभिन्न पक्षहरूलाई मध्यनजर गर्दै विकास गतिविधि अगाडि बढाउन सकेमा द्वन्द्व संवेदनशील विकास मार्फत पक्कै पनि दीर्घकालीन शान्ति स्थापना गर्न सकिने कुरामा विश्वास गर्न सकिन्छ ।

**शान्तिका पूर्वशर्तहरू**

★ लोकतान्त्रिक राज्य व्यवस्थाको स्थापना,

★ परिवर्तित राजनीतिक व्यवस्थाको वैधानिकता,

★ परिवर्तन राजनीतिक व्यवस्थाप्रति जनअपनत्व एवम् स्वामित्व ग्रहण,

★ संक्रमणकालीन न्यायका मान्यताहरूको कार्यान्वयन,

★ आपराधिक क्रियाकलाप गर्ने उपर कारबाहीको प्रतिबद्धता,

★ विधिको शासन कायम गर्ने,

★ परिवर्तित लोकतान्त्रिक पद्दतिलाई संस्थागत गर्ने,

★ द्वन्द्वरत पक्षहरूबीच भएको शान्ति सम्झौतालाई समयमा नै कार्यान्वयन,

★ युद्ध विरुद्धको नीति र शान्ति उन्मुख पद्दतिको विकास,

★ शान्ति सम्झौताको अनुगमन तथा पुनरावलोकन गर्ने संयन्त्रको निर्माण ।

Question Bank Nepal

**(८) स्थानीय स्वायत्त शासनको आवश्यकता र महत्वमाथि प्रकाश पार्दै स्थानीय निकायहरूलाई स्वायत्तता प्रदान गरी विकेन्द्रीकरण गर्नुपर्ने कारणहरू उल्लेख गर्नुहोस् ।**

**स्थानीय स्वायत्त शासनको आवश्यकता र महत्व**

विकेन्द्रीकरणका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण नवीनतम अवधारणाको रुपमा रहेको स्थानीय स्वायत्त शासनको आवश्यकता र महत्वलई देहाय अनुसार बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ :-

★ स्थानीय स्वायत्त शासन व्यवस्थामा आफ्ना समस्याहरू आफैले समाधान गर्ने अवसर र अधिकार स्थानीय जनतालाई नै प्राप्त हुने हुँदा यसलाई लोकतन्त्रको आधार स्तम्भ भनिन्छ ।

★ स्थानीय जनतामा आफ्नो ठाउँको समुचित व्यवस्था आफैले गर्ने सीप र क्षमताको अभिवृद्धि गर्दछ ।

★ सार्वजनिक क्षेत्रका कार्यभारहरू केन्द्र सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने भएकोले विकास प्रक्रिया स्वभाविक रुपमा अगाडि बढ्छ ।

★ विकासमा स्थानीय नागरिकहरुको सक्रिय संलग्नताले गर्दा विकासलाई दिगो तुल्याउँछ ।

★ भावी पुस्तालाई समेत ध्यान दिँदै स्थानीय श्रोत साधनको समुचित उपयोग मार्फत स्थानीय आवश्यकताहरू प्राथमिकताका साथ परिपूर्ति गरिन्छ ।

★ स्थानीय तहमा 'आफैले आफैका लागि' भन्ने मान्यता विकास भई नीति निर्माण देखि कार्यान्वयन सम्मका हरेक चरणका प्रक्रियाहरू पारदर्शी हुन्छन् ।

★ स्थानीय स्वायत्त शासनले राज्यशक्तिको सदुपयोग गर्न स्थानीय जनतालाई वास्तविक अधिकार प्रदान गर्दछ ।

★ स्थानीय निकाय आफै सक्रिय भएमा प्रशासनिक ढिलासुस्तीबाट मुक्त भई कार्य सम्पादन र सेवा प्रवाह छिटो छरितोपन आउँछ ।

★ स्थानीय जनताहरूलाई आत्मविश्वास, नेतृत्व विकास, सचेतना, सहकार्य, समझदारी जस्ता पक्षमा सक्षम बनाउँदै लैजान्छ ।

★ स्थानीय स्वायत्त शासन मार्फत विकासको मूल प्रवाहबाट पाखा परेका वर्ग, लिङ्ग, समुदाय, जातजाति, लाई समेटी विकासको मूल प्रवाहमा ल्याउन सकिन्छ ।

**स्थानीय निकायहरूलाई स्वायत्तता प्रदान गरी विकेन्द्रीकरण गर्नुपर्ने कारणहरू**

★ स्थानीय निकायलाई सक्षम र प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार साधन श्रोतको निक्षेपण गर्न ।

★ स्थानीय निकायमा स्थानीय जनताको लागि सोच्ने र जवाफदेहिता बहन गर्न सक्ने संस्थागत संरचना र कार्यगत संरचनाको निर्माण गरी विकास गर्न ।

★ स्थानीय निकायहरूलाई सुम्पिएका काम, कर्तव्य र जिम्मेवारी वहन गर्नका लागि आवश्यक पर्ने श्रोत र साधनहरूको संकलन, र परिचालन गर्ने अधिकार सुम्पन ।

★ स्थानीय निकायहरूलाई निक्षेपित कार्य गर्दा लोकतान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्नेतर्फ उन्मुख गराउन ।

★ स्थानीय नेतृत्वको विकास गर्नको निम्ती स्थानीय निकायलाई आफ्नो क्षेत्रमा जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्रको व्यवस्था गराउन ।

★ दिगो विकासमा आधारित सेवा प्रदान गर्ने कार्यमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गर्न ।

★ स्थानीय स्वायत्त शासन पद्दतिको विकास गर्न ।

★ स्थानीय आवश्यकता र चाहना अनुकूलको योजना निर्माण गरी कार्यान्वयन गराउन ।

★ स्थानीय स्तरमा उठ्ने विवादहरू स्थानीय स्तरमै समाधान गरी सामाजिक सुमधुरता र समझदारी विकास गर्न आदि ।

**(९) नेपालमा कति किसिमका वन/वनस्पति पाइन्छन् ? उल्लेख गर्दै जैविक विविधताको संरक्षण कसरी गर्न सकिन्छ ? प्रकाश पार्नुहोस् ।**

**नेपालमा पाइने वनजंगल-वनस्पतिको वर्गिकरण**

नेपालमा पाइने वनजंगल तथा वनस्पतीहरूलाई पनि यहाँको भू-धरातल र हावापानी अनुसार देहाय बमोजिम पाँच समूहमा वर्गीकरण गरिएको पाईन्छ –

(१) **उष्ण प्रदेशीय सदावहार जंगल** – नेपालको तराई, भावर, दुन तथा चुरे क्षेत्र जुन समुद्र सतहदेखि १२ सय मिटर अर्थात् चार हजार फिट सम्मको उचाईमा रहेको छ यहाँ उष्ण मनसुनी हावापानी पाईन्छ । यही हावापानी पाईने भौगोलिक क्षेत्रमा पाईने वनजंगललाई उष्ण प्रदेशीय सदावहार जंगल भनिन्छ । उष्ण प्रदेशीय सदावहार जंगल अग्ला, मोटा, वलिया तथा सघन छायाँदार सधैं हरियाभरिला वनस्पतीयुक्त हुन्छ ।

(२) **समशितोष्ण पतझर जंगल** – नेपालको चुरे तथा महाभारतको १२०० मिटरदेखि २१००मिटर सम्मको उचाईमा गीष्ममा न्यानो र शिशिरमा वढी ठण्डा हुने न्यानो समशितोष्ण मौसमी हावापानी पाइन्छ । यस हावापानीको क्षेत्रमा अधिकांश पातपतिङ्गर समय-समयमा



Question Bank Nepal

झर्ने अग्ला र मोटा रुखयुक्त समशितोष्ण पतझर जंगल पाईन्छ ।

(३) **समशितोष्ण सदावहार कोणधारी जंगल –** महाभारतको माथिलो भाग तथा हिमालयको तल्लो भागमा २१ सय मिटर देखि ३३५० सय मिटर सम्मको उचाईमा ग्रीष्ममा औषत तापक्रम १८° देखी २६° सेन्टिग्रेडको वीचमा रहने ठन्डा समशितोष्ण हावापानी पाईन्छ । यस हावापानी पाईने क्षेत्रमा मझौला नरम जातका चाँप, सल्ला, देवदार, चीर, पाइन धुपी, गुराँस, भोजपत्र जस्ता रुखहरू भएको समशितोष्ण सदावहार कोणधारी जंगल पाइन्छन् ।

(४) **लेकाली वनस्पती अर्थात् घाँसे मैदान –** समुद्र सतहवाट ३३५० मिटर देखि ५ हजार मिटर अर्थात् ११ हजार फिट सम्मको उचाईमा तापक्रम ग्रीष्मकालमा १०° सेन्टिग्रेडसम्म पुग्ने र अन्य समयमा ०° सेन्टिग्रेड भन्दा तल झर्ने लेकाली हावापानी पाईन्छ । चिसो र शुद्ध जलवायु पाइने हुँदा यहाँ अग्ला, मोटा तथा कडा जातका रुख सप्रिन नपाउने हुँदा यस क्षेत्रमा स-साना वनस्पतीहरू अर्थात् लेकाली वनस्पती (घाँसे मैदान) मात्र पाइन्छन् । यस क्षेत्रमा रुखहरूको भन्दा झाडी तथा घाँसे वनस्पतीको वाहुल्यता पाइन्छ ।

(५) **टुण्ड्रा वनस्पती अर्थात् शित मरुभूमि वनस्पतीहरू –** नेपालमा समुद्रसतहवाट ५ हजार मिटर अर्थात् १६ हजार फीट भन्दा माथिको भुभागमा वाह्रैमहिना हिमवर्षा हुने र तापक्रम ०° सेन्टिग्रड भन्दा कम हुने अत्यन्तै चिसो एवं शुष्क ध्रुवीय अर्थात् हिमाली हावापानी पाईन्छ । सालैभर हिउँ परिरहने यस हावापानीको क्षेत्रमा ज्यादै ठण्डाको कारणले कुनै पनि रुख, वनस्पती उम्रन सक्दैनन् भने कतै-कतै लेउ तथा काई जातका वनस्पती मात्र भेटिन्छन् ।

**जैविक विविधताको संरक्षणका उपायहरू**

जैविक विविधताको संरक्षण सन्दर्भमा सवैभन्दा महत्वपूर्ण विषय बोटविरुवा संरक्षण र प्राणी तथा पशुपन्छी संरक्षण विषय पर्दछ । त्यसैले यहाँ बोटविरुवा संरक्षण गर्ने र पशुपंछी संरक्षण गर्ने उपाय विधिलाई देहायका बुँदाहरूमा उल्लेख गरिएको छ :–

★ "स्वस्थानीय (in-situ) संरक्षण" अर्थात् मौलिक स्थान/वासस्थानमा नै संरक्षण गर्ने कार्य र "परस्थानीय (ex-situ) संरक्षण" अर्थात् मौलिक स्थान भन्दा अन्यत्र प्राकृतिक वा कृत्रिम वातावरण तयार गरी संरक्षण गर्ने कार्य गर्न सकिन्छ ।

★ वनस्पतिजन्य वस्तु घाँस दाउरा सङ्कलन, चरन क्षेत्रको विस्तार, खोरिया फडानी आदि कार्यले गर्दा बोटबिरुवा एवम् वनस्पतिमा ह्रास आउने हुँदा वनस्पतिजन्य वस्तुको उपयोग गर्दा तिनको प्राकृतिक अवस्थालाई संरक्षण गर्नुपर्छ ।

★ अनाधिकृत रुपमा प्राकृतिक स्रोतको प्रयोग नगर्ने, यदि गर्नै परेमा त्यहाँ भएका दुर्लभ एवं उपयोगी जीवजन्तु एवं बोटबिरुवाको संरक्षण गर्ने उपायहरू सँगसँगै अपनाउने ।

★ जैविक स्रोतको संरक्षण एवं उपयोगको बारेमा स्थानीय व्यक्ति वा समुदायमा निहित रहेका ज्ञान, सीप, खोज, प्रविधि र अभ्यासलाई पनि महत्वका साथ अवलम्बन गर्नुपर्दछ ।

★ धार्मिक तथा सांस्कृतिक महत्वका पीपल, वर, तुलसी, रुद्राक्ष, कमल, बाघ, मृग, गोही, हात्ति आदि वनस्पति तथा जीवजन्तुको संरक्षणका लागि हाम्रो धार्मिक तथा सांस्कृतिक परम्परालाई उपयोग गर्नुपर्छ ।

★ अति दुर्लभ भइसकेका बोटविरुवाहरूको संरक्षण, सम्वर्द्धन गर्न विउ सङ्कलन गरी नर्सरीमा बिरुवा उत्पादन गर्दै उचित स्थानमा रोपी सङ्ख्या वृद्धि गर्नुपर्दछ ।

★ उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कतिपय कच्चा पदार्थ वनपैदावरबाट प्राप्त हुने हुँदा यसरी औद्योगिक कच्चा पदार्थ प्राप्त गर्न सकिने रुख विरुवाहरूको संरक्षण सम्वर्द्धन गर्ने ।

★ दुर्लभ भएका बोटबिरुवाहरूलाई स्थानीय व्यक्तिले उत्पादन गरेको निश्चित सङ्ख्या वा मात्रामा बेखचबिखन गर्न पाउने प्रावधान निर्माण गर्नुपर्छ ।

★ दुर्लभ बोटबिरुवा तथा जीवजन्तुहरूलाई तिनीहरूकै प्राकृतिक वातावरणमा संरक्षण गर्न सक्ने गरी संरक्षित क्षेत्रको रुपमा राख्नुपर्छ ।

★ दुर्लभ बोटबिरुवा एवं जीवजन्तुको अवस्था हेरी संरक्षणका लागि कानून निर्माण गर्ने र कानूनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।

★ दुर्लभ बोटबिरुवा एवं जीवजन्तुको अवस्था, प्रयोग र त्यसलाई संरक्षण गर्नुपर्ने कारणबारे सर्वसाधारण लाई जानकारी गराउनुपर्छ ।

Question Bank Nepal

- ★ प्राणीजन्य तथा वनस्पतिजन्य जैविक विविधताको अभिलेख राख्ने कार्य पनि जैविक विविधताको संरक्षण सन्दर्भमा महत्वपूर्ण कार्यको रुपमा रहन्छ ।
- ★ दुर्लभ वनस्पति तथा पशुपन्छीको पारिस्थितिक प्रणालीको अध्ययन तथा अनुसन्धान गरी संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।
- ★ जैविक स्रोतको संरक्षण एवं उपयोगको बारेमा स्थानीय व्यक्ति वा समुदायमा निहित रहेका ज्ञान, सीप, खोज, प्रविधि र अभ्यासलाई पनि महत्वका साथ अवलम्बन गर्नुपर्दछ ।
- ★ लोपोन्मुख पशुपन्छीहरूको हाड, छाला, प्वाँख आदिबाट बनेका सामग्रीहरूको व्यापार गर्नेलाई कडा सजाय दिनुपर्छ ।
- ★ वनस्पति एवं पशुपंक्षी जैविक विविधता केन्द्र निर्माण गरी दुर्लभ मानिएको बनस्पति र पशुपन्छीहरूलाई केन्द्रमा नै संरक्षण र सम्वर्द्धन गर्नुपर्छ ।

**(१०) उर्जा संरक्षणबारे चर्चा गर्नुहोस् साथै नेपालका उर्जा संरक्षणा देखिएका चुनौतीहरू स्पष्ट पार्दै उर्जा संरक्षणका उपायहरू के के हुन सक्दछन् ? उल्लेख गर्नुहोस् ।**

**उर्जा संरक्षणको परिचय**

देशमा उपलब्ध उर्जाको दुरुपयोग नियन्त्रण गर्दै आवश्यक मात्रामा प्रयोग गरी उर्जाको किफायत गर्ने कार्यलाई नै उर्जा संरक्षण भनिन्छ । उर्जा संरक्षण उर्जाको माग व्यवस्थापन गर्ने एक उपयोगी औजार हो, जसले उर्जाको माग र आपूर्ति बीचको gap लाई न्यूनीकरण गर्दछ । उर्जा संरक्षणले उर्जाको जथभावी प्रयोगमा रोक लगाई उर्जालाई मितव्ययी तरिकाले प्रयोग गर्ने कुरामा जोड दिन्छ । उर्जा संरक्षण वर्तमान र भविष्य दुवैका लागि आवश्यक छ । उर्जा संरक्षणको देहाय बमोजिमका महत्व बाट समेत यसबारेमा अझ स्पष्ट हुन सकिन्छ :-

**उर्जा संरक्षणको महत्व**

- ★ उर्जा संकट न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।
- ★ उर्जाको माग व्यवस्थापन गरी उर्जामा सबैको पहुँच बंढाउन सकिने ।
- ★ विद्युत चुहावट न्यूनीकरण गर्न मद्दत पुग्ने ।
- ★ उर्जाको दुरुपयोग एवम् जथाभावी प्रयोगलाई रोक्न सकिने ।
- ★ कम विद्युत खपत हुन गई उपभोक्ताहरूको आर्थिक भार कम हुन जाने ।
- ★ आर्थिक अनुशासन कायम राख्न सघाउ पुग्ने ।
- ★ नवीकरणीय एवम् गुणस्तरीय किसिमका वैकल्पिक उर्जाको निरन्तर रुपमा सर्वसुलभ आपूर्ति गर्न सहयोग पुग्ने ।
- ★ दिगो उर्जामा जोड दिई वातावरण संरक्षणमा सहयोग पुग्ने ।
- ★ सभ्य, समृद्ध र समुन्नत समाजको स्थापना हुने आदि ।

**उर्जा संरक्षणको सम्बन्धमा देखिएका चुनौतीहरू**

- ★ उर्जा संरक्षण र सम्वर्द्धनको स्पष्ट नीतिगत व्यवस्था सहित उर्जा उत्पादनमा हुने अनावश्यक राजनीतिक हस्तक्षेप र स्थानीयको अवरोधलाई न्यूनीकरण गर्ने ।
- ★ विभिन्न विधि एवम् माध्यमद्वारा हुने उर्जा चुहावटलाई नियन्त्रण गर्नका लागि सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने एवम् चुहावट नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने ।
- ★ Run of River मा आधारित जलविद्युत प्रणालीका कारण सुख्खा याममा विद्युतको माग र आपूर्तिबीच हुन जाने ठूलो gap हटाउन जलाशययुक्त जलविद्युत आयोजनाहरू विकास गर्ने चुनौती ।
- ★ उर्जाको माग प्रक्षेपण, सम्भाव्यता अध्ययन एवम् उर्जा संरक्षणमा संलग्न पृथक पृथक निकायबीच समन्वय स्थापित गरी कार्य गर्ने ।
- ★ उर्जा लेखापरीक्षणको अवधारणा अनुरुप स्वतन्त्र उर्जा लेखापरीक्षण कार्यालयको स्थापना गर्ने ।
- ★ उर्जाको चोरी एवम् दुरुपयोग हुने उर्जा संरक्षण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने कार्य ।
- ★ उर्जा उत्पादनको License लिने, उत्पादन, व्यवस्थापन र उपयोग गर्ने सम्बन्धमा रहेको प्रक्रियागत जटिलतालाई सरलीकृत गर्ने चुनौती ।
- ★ उर्जा संरक्षण सम्बन्धमा मौजुदा ऐन, कानूनको प्रभावकारी तरिकाले कार्यान्वयन गरी गलत कार्य गर्नेलाई कानूनी कारबाही गर्ने कार्य ।
- ★ वर्तमानमा सञ्चालनमा रहेका तर मर्मत सम्भारको अभावमा पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका विद्युत गृहहरूको मर्मत सम्भार गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने ।
- ★ विद्युतको माग व्यवस्थापन गर्न अभिप्रेरित गर्दै दैनिक जीवन यापनका लागि भारी विद्युत खपत गर्ने उपकरणहरूको प्रयोगलाई निरुत्साहित गर्ने कार्य ।

Question Bank Nepal

**उर्जा संरक्षणका उपायहरू**

- ★ उर्जाको वितरण प्रक्रियालाई प्रभावकारी बनाई विद्युत उर्जाको अधिक चुहावट घटाइ बढी चुहावट हुने क्षेत्रहरूमा थप लोडसेडिङ गर्ने।
- ★ उर्जाको मितव्ययी प्रयोग एवम् उर्जा संरक्षण सम्बन्धमा जनचेतना फैलाउने।
- ★ कम विद्युत खपत गर्ने उपकरणहरूको प्रयोगलाई बढावा दिने।
- ★ उर्जा उत्पादनका ठूला परियोजनामा लगानी बढाउने र लघु जलविद्युत उत्पादनमा पनि प्रोत्साहन गर्ने।
- ★ नवीकरणीय किसिमका वैकल्पिक उर्जाहरू जस्तो सोलार, गोबरग्याँस, वायु उर्जा आदिको प्रयोगमा जोड दिने।
- ★ जलाशययुक्त विद्युत आयोजनाको निर्माणमा जोड दिने र वर्तमानमा रहेका जलाशययुक्त आयोजनालाई मुख्य भार हुने सिजनमा मात्र खुला गर्ने।
- ★ विज्ञापन प्रयोजनका लागि होडिङ् बोर्डमा हुने विद्युत सप्लाई बन्द गर्ने।
- ★ उर्जा संरक्षण आचार संहिता तयार गरी उर्जा लेखापरीक्षण गर्ने।
- ★ सरकारी कार्यालयमा कार्यकक्षमा कर्मचारी नभएको बखत हिटर, एसी, पंखा, कम्प्युटर लगायतका विद्युतीय सामग्री अनिवार्य रुपमा बन्द गर्ने।
- ★ पिकलोडको समयमा अधिक उर्जा खपत गर्ने किसिमका उपकरणहरूको प्रयोग नगर्ने।
- ★ अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालयहरूबाहेक अन्य सरकारी कार्यालयहरूमा हप्ताको २ दिन बिदा दिने जसबाट उर्जा एवम् प्रदुषण नियन्त्रण गर्न समेत सघाउ पुग्न सक्छ।
- ★ उर्जा उत्पादन गर्ने ठूला आयोजनाहरूमा विदेशी लगानी भित्र्याउन उचित वातावरण निर्माण गर्ने आदि।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ७ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) खाद्य सुरक्षाका आधारभूत पक्षहरू उल्लेख गर्दै नेपालमा खाद्य सुरक्षा सम्बन्धी समस्याहरू एवम् ती समस्या समाधानका उपायहरू बारे चर्चा गर्नुहोस् ।

(२) कस्ता कार्यलाई मानव बेचबिखन सम्बन्धी अपराधको रुपमा लिइन्छ ? स्पष्ट पार्दै नेपालमा यस अपराधको रोकथामका लागि के कस्ता व्यवस्था भएको देख्नुहुन्छ ? मानव बेचबिखन रोक्नका लागि अझै के कस्ता प्रयास गर्नुपर्ने ठान्नुहुन्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

(३) सामाजिक सुरक्षा भन्नाले के बुझिन्छ ? यसका उद्देश्यहरू स्पष्ट पार्दै सामाजिक सुरक्षाका माध्यमहरू के के हुन सक्दछन् ? नेपालका सामाजिक सुरक्षाका कठिनाईहरू बुँदागत रुपमा लेख्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) अन्तर्राष्ट्रिय सहयोग भन्नाले के बुझिन्छ ? यसको स्वरुप र महत्वबारे चर्चा गर्दै अन्तर्राष्ट्रिय सहयोग विद्यमान चुनौतीहरू बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

(५) गरिबी भन्नाले के बुझ्नुहुन्छ ? सापेक्ष र निरपेक्ष गरिबी बीचको भिन्नता औंल्याउँदै नेपालमा गरिबी निवारणका लागि भएका प्रयास/व्यवस्थाहरूको सूची बनाउनुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) साझेदारी विकास भन्नाले के बुझिन्छ ? यसका स्वरुपहरूबारे चर्चा गर्दै नेपालमा साझेदारी विकासको औचित्य एवम् वर्तमान अवस्थाबारे स्पष्ट पार्नुहोस् ।

(७) विकास र यसका पूर्वशर्तहरू उल्लेख गर्दै यसका राजनीतिक, आर्थिक, सामाजिक लगायतका विभिन्न पक्षहरूबारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।

(८) समुदायमा आधारित विकासको के महत्व छ ? स्पष्ट पार्दै नेपालमा समुदायमा आधारित विकासमा देखिएका समस्याहरू समाधानका उपायहरू औंल्याउनुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) नेपालमा वनजंगलको दिगो विकासका लागि कति किसिमले वनको व्यववस्थापन गर्दै आएको पाउनुहुन्छ ? उल्लेख गर्दै वन विनाशका असरहरू र वन विनास रोक्न चाल्न सकिने उपायहरूबारे चर्चा गर्नुहोस् ।

(१०) कार्बन व्यापार बारे जानकारी दिंदै जैविक विविधताको संरक्षणका लागि नेपालले गरेका प्रयासहरू उल्लेख गर्नुहोस् ।

## समाधान

**(१) खाद्य सुरक्षाका आधारभूत पक्षहरू उल्लेख गर्दै नेपालमा खाद्य सुरक्षा सम्बन्धी समस्याहरू एवम् ती समस्या समाधानका उपायहरू बारे चर्चा गर्नुहोस् ।**

**खाद्य सुरक्षाका आधारभूत पक्षहरू**

खाद्य सुरक्षा भन्नाले सम्पूर्ण जनतालाई आवश्यक परेको समयमा स्वास्थ्य एवम् सक्रीय जीवनको लागि आवश्यक क्यालोरी पूरा गर्न पर्याप्त, सुरक्षित र पोषणयुक्त खाद्यपदार्थ माथि पहुँच रहेको अवस्थालाई बुझिन्छ । यस सम्बन्धी अवधारणाको विकास सन् १९७० को दशकबाट भएको हो । खाद्य सुरक्षा वर्तमान र भविष्य दुवैको लागि महत्वपूर्ण मानिन्छ । मूलतः खाद्य सुरक्षाका देहाय बमोजिम चार ओटा आधारभूत पक्षहरू हुन्छन् :-

**(क) खाद्य उपलब्धता (Availability of Foods)**

★ जीवनयापनका लागि आवश्यक पर्ने खाद्यान्न निरन्तर एवम् सहज रुपमा प्राप्त हुनुपर्दछ ।

★ खाद्य सुरक्षाका लागि उचित र वैज्ञानिक रुपमा खाद्यान्नको सञ्चय र भण्डारण गरिनुपर्दछ ।

★ जनसंख्याको अनुपातमा खाद्यान्नको उत्पादन र उत्पादकत्व बढाउन सकेमा मात्र खाद्य सुरक्षा कायम हुन सक्दछ ।

Question Bank Nepal

★ मानिसहरूको Food habit, वातावरणीय अवस्था, खाद्यान्नप्रतिको आत्मनिर्भरता समेतलाई दृष्टिगत गरी बहु खाद्यावालीहरूको उत्पादन गर्नु र उत्पादकत्व बढाउनुपर्दछ ।

★ यसले आन्तरिक रुपमा देशभित्र उत्पादित वा देश बाहिरबाट आयातित खाद्यान्नको पर्याप्त मात्रामा एवम् गुणस्तरीय रुपमा हुने उपलब्धतालाई बुझाउँछ ।

**(ख) खाद्यान्न माथिको पहुँच (Access of Foods)**

★ पोषणयुक्त खानाको उपलब्धताको लागि पर्याप्त आर्थिक स्रोतसाधनको व्यवस्था ।

★ अर्थात् कुनैपनि व्यक्तिको पोषणयुक्त खानाको लागि उचित खाद्यान्न प्राप्त गर्न पर्याप्त स्रोत माथि पहुँच हुनुपर्दछ ।

★ यसले उपलब्ध खाद्यान्न माथि प्रत्येक नागरिकको कानूनी, आर्थिक, सामाजिक र भौतिक रुपमा पहुँचको अवस्था हुनुलाई जनाउँछ ।

**(ग) खाद्यान्नको उपयोग (Utilization of foods)**

★ खाद्यान्नको अधिक एवम् न्यून उपयोग दुवै मानव स्वास्थ्यलाई उपयुक्त हुँदैन, त्यसैले सन्तुलित उपयोग उचित हुन्छ ।

★ पोषणयुक्त र समयानुसारको खानाले मात्र मानव स्वास्थ्यका लागि फाइदा पुऱ्याउँदछ ।

★ पोषण, हेरचाह र सरसफाई आदिबारे आधारभूत ज्ञानसहित खाद्यान्नको उपयुक्त प्रयोग गर्नु ।

★ खाद्यान्नलाई सही उपयोग गर्ने वातावरण, अवस्था र सक्षमता हुनु एवम् शारीरिक आवश्यकताको परिपूर्ति गर्न पर्याप्त खाना, सफा पानी, स्वास्थ्य सेवाको उपयोग र सरसफाइको आवश्यकता पूर्ति हुनु ।

**(घ) खाद्य स्थिरता (Stability of foods)**

★ मानवको जीवन निर्वाहको लागि आवश्यक खाद्यान्न निरन्तर रुपमा आपूर्ति हुनुपर्दछ ।

★ खाद्य सुरक्षाको स्थिरताको लागि खाद्यान्नको उपयुक्त आपूर्ति एवम् वितरण प्रणालीको व्यवस्था हुनुपर्दछ ।

★ खाद्य सुरक्षाको लागि खाद्य स्थिरतालाई पनि महत्वपूर्ण मानिने हुँदा खाद्यान्नको वर्षभरि नै माग र आपूर्ति सन्तुलित बनाइराख्नुपर्ने हुन्छ ।

**खाद्य सुरक्षा सम्बन्धी समस्याहरू :**

★ खाद्य पदार्थको वितरणमा सामाजिक न्याय स्थापित हुन नसकेका कारण खाद्यान्न वितरण गर्ने क्रममा सामाजिक विभेद गर्ने गरिएको ।

★ भौगोलिक विकटता एवम् सडक सञ्चालको अभावका कारण कतिपय पहाडी र हिमाली जिल्लामा खाद्यान्नको नियमित आपूर्ति हुन नसक्दा खाद्यान्नको अभाव रहेको ।

★ खाद्य स्वच्छता एवम् पोषणयुक्त खाद्यान्न तथा सोको उपयोगबारे जनसाधारणमा चेतना र ज्ञानको कमी रहेको ।

★ खाद्यवस्तुको अनुगमन तथा नियमन कार्य कमजोर हुनु,

★ खाद्यान्नको उचित र वैज्ञानिक रुपले भण्डारण गर्ने उपयुक्त व्यवस्था नभएको ।

★ परम्परागत खेती प्रणालीले गर्दा कृषि उत्पादनमा न्यून हुनु तथा उत्पादनमा वृद्धि ल्याउन नसकिनु,

★ जलवायु परिवर्तनले कृषि उत्पादनमा नकारात्मक असर पार्नु ।

★ खाद्य सुरक्षाका दृष्टिकोणबाट जोखिममा रहेका समूह र क्षेत्रको आयस्तर बढाउन नसकिनु,

★ वैज्ञानिक एवम् व्यावसायिक कृषि प्रणालीको अभावका कारण खाद्य आयस्तर बढाउन नसकिनु ,

★ खाद्यवस्तुको गुणस्तर नियन्त्रणलाई प्रभावकारी बनाउन नसकिनु ।

★ खाद्यान्नको मूल्य र बजार पारदर्शी नहुनु ।

★ खाद्य सम्प्रभुता र सुरक्षा सम्बन्धमा आवश्यक पर्ने सूचनाको प्रवाहका लागि व्यवस्थापन सूचना प्रणालीको अभाव रहनु,

★ निरन्तर बढ्दो जनसङ्ख्याका कारण खाद्यान्न उपलब्ध गराउन कठिन हुनु आदि ।

**समस्या समाधानका उपायहरू**

★ खाद्य तथा पोषण सुरक्षा नीति, खाद्य सम्प्रभूता ऐन र राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गनुपर्ने ।

★ राज्यले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखी वैज्ञानिक एवम् व्यसायिक कृषि प्रणालीको विकासका लागि पर्याप्त बजेट व्यवस्था गर्ने ।

★ पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न विशेष सुविधा उपलब्ध गराई पोषिलो खाद्यवस्तुमा पहुँच बढाउदै लैजानुपर्ने ।

Question Bank Nepal

★ उत्पादनमूलक जमिनलाई Plotting गरी आवासीय प्रयोजनका लागि प्रयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न समयसापेक्ष भू-उपयोग नीति तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।

★ मानिसहरूको खाद्य बानीमा सुधार एवम् परिवर्तन गर्दै खाद्य पदार्थको वितरणमा सामाजिक न्याय स्थापित गर्ने ।

★ खाद्यान्न सुरक्षाका लागि खाद्यान्न भण्डारको व्यवस्था गर्ने ।

★ खाद्य सुरक्षाका सम्बन्धमा जनचेतना अभिवृद्धिका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

★ खाद्य सुरक्षा सम्बन्धी आफ्नो हकहित र सुरक्षाका लागि उपभोक्ता स्वयम् जागरुक हुनुपर्ने ।

★ खाद्यान्न उत्पादन न्यून हुने र खाद्य तथा पोषण असुरक्षित क्षेत्रहरूमा स्थानीय स्तरमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपयोगमा जोड दिने ।

★ खाद्य सम्प्रभुता ऐन तर्जुमा सहित खाद्य कानूनलाई अद्यावधिक गरी प्रभावकारी रुपमा लागू गर्ने ।

★ जीवन निर्वाहमुखी कृषिलाई छोडी कृषि तथा पशुपक्षिजन्य उत्पादनको व्यसायीकरणमा जोड दिने ।

★ विद्यमान चाडपर्वमुखी अनुगमनको सट्टा नियमित रुपमा बजार अनुगमन गरी खराब कार्य गर्नेलाई कानूनी कारवाही हुने व्यवस्था मिलाउने ।

अन्त्यमा मुलकलाई साँच्चै भोकमरीबाट मुक्त गरी खाद्य सम्प्रभुता एवम् सुरक्षा कायम गर्ने हो भने कृषिको विकास अपरिहार्य छ । कृषिलाई व्यवसायीकरण र औद्योगिकीकरण गर्न विशेष कार्यक्रम ल्याई किसान र कृषि क्षेत्रलाई राज्यले संरक्षण गर्ने प्रतिवद्धता व्यक्त गरिनु पर्दछ अनिमात्र मुलुकले खाद्य सुरक्षा प्राप्त गर्न सक्दछ ।

**खाद्य सुरक्षा सन्दर्भमा धारणा**

**विश्व स्वास्थ्य संगठन (WHO)**

- खाद्यान्नको आवश्यक परिमाणमा उपलब्धता रहनु,
- सबै मानिसलाई खाद्यान्नको पहुँच राख्न आर्थिक र शारीरिक सामर्थ्यको हुनु,
- आधारभूत पोषण सम्बन्धी जानकारी सहित खाद्यान्न उपयोग गर्नु ।

**नोबेल पुरस्कार बिजेता अमार्त्य सेन**

- खाद्यान्नको पर्याप्त भण्डारण हुनु,
- खाद्यान्नको आपूर्ति गर्ने उपयुक्त व्यवस्था हुनु,
- खाद्यान्नको उचित प्रयोग गरिनु ।

**(२) कस्ता कार्यलाई मानव बेचबिखन सम्बन्धी अपराधको रुपमा लिइन्छ । स्पष्ट पार्दै नेपालमा यस अपराधको रोकथामका लागि के कस्ता व्यवस्था भएको देख्नुहुन्छ ? मानव बेचबिखन रोक्नका लागि अझै के कस्ता प्रयास गर्नुपर्ने ठान्नुहुन्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।**

**मानव बेचबिखन सम्बन्धी अपराध**

मानिसलाई उसको इच्छा विपरित आर्थिक एवंम् गैरआर्थिक विभिन्न प्रयोजनको लागि प्रयोग गर्नु, शोषण गर्नु, प्रलोभनमा पारि काममा लगाउनु एक स्थानवाट अर्को स्थानमा पुर्‍याउनु नै मानव बेचबिखन अपराध (Human Trafficking) हो । मानव बेचबिखनलाई लागु औषधको बेचविखन र हातहतियारको तस्करी पछिको विश्वको तेस्रो ठूलो अन्तर्राष्ट्रिय आपराधिक गतिविधिको रुपमा लिइन्छ । मानव बेचबिखनका स्वरुप/ तरिकाहरूलाई मोटामोटी रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

(१) कुनैपनि व्यक्तिलाई वाध्यतामा पारि वा सीमित पारिश्रमिक दिई निजी कामदार बनाउने कार्य जस्तै हलिया, हरवा चरवा राख्ने तथा बाँधा वनाउने ।

(२) कुनै पनि मानिसलाई जबरजस्ती रुपमा पारिश्रमीक दिई वा नदिई कुनै काम गर्नका लागि बाध्य वनाउने ।

(३) बालबालिकालाई घरेलु कामदार वा अन्य कुनै जोखिमपूर्ण काममा कामदारका रुपमा काम गर्न लगाउने ।

(४) कुनैपनि मानिसको यौन शोषण गर्ने वा यौन शोषण गर्ने उद्देश्यले मानिसलाई बिक्री वितरण गर्ने ।

(५) मृगौला, कलेजो आदिजस्ता मानव शरिरका अंग बेच्नु एवम् बेच्न लगाउनु ।

(६) मानिसलाई कुनै काममा लगाउन, शोषण गर्न वा अन्य कुनै कार्यका लागि बिक्री गर्नु ।

(७) कुनै पनि व्यक्तिलाई आर्थिक लाभ हुने एवम् राम्रो काम लगाइदिने प्रलोभनमा पारी, फकाई वा अन्य कुनै पनि तरिकाबाट एक ठाउँबाट अर्को ठाउँमा लैजानु ।

(८) पहिले सम्झौतामा उल्लेख गरे अनुसारको निर्धारित ज्याला वा तलब नदिई काममा लगाउनु ।

(९) एक स्थानमा लैजाने भनि झुक्याई अर्को स्थानमा लैजाने तथा एक किसिमको काम भनि अर्कै किसिमको काममा लगाउने ।

(१०) मानिसलाई अपहरण गरी कुनै ठाउँमा बन्धक बनाउनु र रिहाईका लागि फिरौति माग गर्नु ।

Question Bank Nepal

**नेपालमा मानव बेचबिखनका कारणहरू**

- ★ मुलुकमा व्याप्त गरिबी,
- ★ सामाजिक कुरीति एवम् परातन सोच,
- ★ सामाजिक चेतना तथा शिक्षाको अभाव,
- ★ छिट्टै धनी बन्ने उच्च महत्वाकांक्षा,
- ★ मुलुक भित्रै पर्याप्त रोजगारीको अवसरको अभाव,
- ★ छिमेकी राष्ट्र भारतसँगको खुला सीमाना,
- ★ उच्च रणनीति एवम् प्रशासनिक नेतृत्वद्वारा नै श्रम शोषणका कार्य,
- ★ आर्थिक रुपमा महिलाहरू अरुमाथि निर्भर रहनु आदि ।

**नेपालमा मानव बेचबिखत रोक्नका लागि भएका व्यवस्थाहरू**

- ★ मानव बेचबिखन विरुद्ध विश्वव्यापि रुपमा हुने कानुनी वन्धनयुक्त दस्तावेज को रुपमा रहेको मानव बेचबिखन विरुद्धको संयुक्त राष्ट्संघीय अभिसन्धि ऐन २००३ बाट लागु भएको छ ।
- ★ नेपालको संविधान, २०७२ को भाग ३ धारा २९ मा शोषण विरुद्धको हक हकको व्यवस्था गरिएको छ ।
- ★ संविधानको धारा ५० राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत उपधारा ३ मा शोषणरहित समाजको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य हुने कुरा उल्लेख गरिएको ।
- ★ मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने उद्देश्यका साथ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ कार्यान्वयनमा रहेको जसले कस्ता गतिविधिलाई मानव बेचबिखन तथा ओसारपसार मान्ने र त्यस्तो गतिविधिमा संलग्न हुनेलाई कस्तो सजाय हुने भन्ने कुराको स्पष्ट व्यवस्था गरेको छ ।
- ★ बेचबिखनमा परेका बालबालिका युवा युवती एवम् महिलाको उद्धार एवम् संरक्षणका लागि नेपाल प्रहरी एवम् माइती नेपालका विभिन्न जिल्लाहरूमा कार्यालयहरू रहेका ।
- ★ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत केन्द्रिय बालकल्याण समिति एवम् जिल्ला बालबालिका तथा महिला कार्यालयको व्यवस्था ।
- ★ वैदेशिक रोजगारीका क्रममा शोषण एवम् ठगीमा परेकाको समस्या समाधानका लागि वैदेशिक रोजगार विभाग तथा श्रम अदालतको व्यवस्था ।
- ★ मुलुकी ऐन, २०२० ले मानव बेचबिखन सम्वन्धि कार्यलाई अपराधको रुपमा लिई यस्तो कार्य गर्नेलाई सजाय हुने कुराको व्यवस्था गरेको ।
- ★ मानव अधिकारको रक्षा गर्न संवैधानिक क्षेत्रको रुपमा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको ।
- ★ नयाँ संविधानले भाग २७ धारा २७२ देखि २५४ सम्म लैंगिक न्याय तथा महिला विकासका लागि राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगका रुपमा स्थापित गरेको छ ।

**मानव बेचबिखन रोक्नका लागि चाल्नुपर्ने कदमहरू**

- ★ अशिक्षा र न्युन चेतनाका कारण मानव बेचबिखन बढेकाले मानव बेचबिखन तथा ओसारपसार हुने मुख्य क्षेत्र तथा जिल्लाहरूमा जनचेतना विस्तार कार्यलाई तीव्र बनाउने ।
- ★ मानव बेचबिखन संगठित एवम् राष्ट्र विरुद्धको अपराध भएकोले यसलाई रोक्न कडा भन्दा कडा सजायको व्यवस्था गर्ने ।
- ★ गरिबीको कारणले गर्दा पनि मानव बेचविखन हुने गरेको हुँदा गरिब जनताको जीवनस्तर सुधार्नका लागि सामाजिक सुरक्षा गरिबमुखी विकास नीति तथा सशक्तिकरणको व्यवस्था गर्ने ।
- ★ देशभित्र रोजगारीको सिर्जना गर्ने साथै मानव संसाधन विकासमा जोड दिई दक्ष जनशक्ति उत्पादन गर्ने ।
- ★ समानता र सामाजिक न्यायका आधारमा सामाजिक परिचालन तथा नागरिक सशक्तिकरणमा जोड दिने ।
- ★ मानव बेचबिखन नियन्त्रणका लागि प्रहरी प्रशासनलाई विशेष तालिमका माध्यमवाट क्षमता विकासमा जोड दिने ।
- ★ मानव बेचबिखन निषेध गर्ने सम्वन्धमा अन्तर्राष्ट्रिय स्तर एवम् सार्क स्तरमा जनाएको प्रतिबद्धता अनुरुप व्यवहारमा रूपान्तरण गर्ने ।
- ★ खुला सीमानाको उचित व्यवस्थापन गर्ने ।
- ★ सीमाक्षेत्रका सुरक्षाकर्मीबीच बारम्बार समन्वय, सहयोग, छलफल तथा सहकार्य गर्ने ।
- ★ महिलामा सचेतना बढाउँदै समाजमा सम्मानपूर्ण स्थान दिलाउन उचित पहल गर्ने ।
- ★ घरेलु कामदारका रुपमा बालबालिकाको श्रम शोषण नगर्ने कुरामा उच्च राजनीतिक नेतृत्व एवम् प्रशासनिक नेतृत्वले अन्तरआत्मा देखिनै अठोट गर्ने आदि ।

Question Bank Nepal

अन्त्यमा, भन्न सकिन्छ की, मानव बेचबिखन अपराध बहुक्रियात्मक अपराध हो र यसको नियन्त्रणमा राज्यको एक्लो प्रयासले पुग्दैन राज्य, निजीक्षेत्र, गैरसरकारी क्षेत्र, सामुदायिक संस्था, नागरिक समाज एवम् अन्तर्राष्ट्रिय स्तरको संयुक्त प्रयासले मात्र यसलाई नियन्त्रण गर्न सकिने हुनाले यसका लागि सबै पक्षले आ आफ्नो तहबाट उचित पहल गर्नु जरुरी हुन आउँछ।

**मानव बेचबिखनका रुप**

- ★ बाधा बनाउने (Banded labour)
- ★ जबरजस्ती श्रम (Forced labour)
- ★ अपहरण गरी बन्धक बनाउने (Kidnapping)
- ★ बाल श्रम (Child labour)
- ★ मानव अंगको व्यापार (Trade of tissue)
- ★ मानव शरीर बिक्रि (Sale of humab body)
- ★ यौन शोषण/बिक्री (Sexual explotation/trafecking)
- ★ सम्झौता अनुरुपको ज्याला/तलब नदिई काममा लगाउनु
- ★ जालसाजीपूर्वक काममा लगाउनु वा एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु।

**(३) सामाजिक सुरक्षा भन्नाले के बुझिन्छ ? यसका उद्देश्यहरू स्पष्ट पार्दै सामाजिक सुरक्षाका माध्यमहरू के के हुन सक्दछन् ? नेपालका सामाजिक सुरक्षाका कठिनाईहरू बुँदागत रुपमा लेख्नुहोस्।**

### सामाजिक सुरक्षाको परिचय

आफ्ना आधारभूत आवश्यकताको पूर्ति आफै गर्न नसक्ने अवस्थामा रहेका मानिसहरूलाई मानवीय मर्यादाको लागि आधारभूत आवश्यकताको परिपूर्ति सुनिश्चित गर्ने कार्यलाई नै सामाजिक सुरक्षा (Social security) भनिन्छ।

Oxford Dictionary मा सामाजिक सुरक्षा Social Security लाई गरिव, बेरोजगार र बिरामी आदि मानिसलाई सरकारले नियमितरुपमा उपलब्ध गराउने पेसाको अर्थमा लिएको पाइन्छ। सामाजिक सुरक्षाको अवधारणा सन् १९३७ मा अमेरिकाका तत्कालिन राष्ट्रपति Roosevelt ले अगाडि सारेका हुन् यो Civil Right को अभिन्न अंग हो।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९८४ को धारा २५ (१) ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरु लगायत पर्याप्त जीवनयापनको अधिकार तथा बेरोजगार, बिरामी, अशक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरको परिस्थितिहरुमा जीविकोपार्जनका उपायको अभावमा सुरक्षा पाउने अधिकारको उल्लेख गरिएको छ, जुन अधिकारको परिपूर्तिको लागि सामाजिक सुरक्षा आवश्यक पर्ने देखिन्छ।

नेपालको संविधान, २०७२ ले पनि धारा ४३ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनमा सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको पाइन्छ।

### सामाजिक सुरक्षाका अंगहरू

- ★ खाद्य सुरक्षा (Food security)
- ★ उचित बसोबास (Appropriate shalter)
- ★ स्वास्थ्को सुनिश्चितता (Guarantee of Health)
- ★ शिक्षाको सुनिश्चितता (Guarentee of Education)
- ★ रोजगारी (Employment)
- ★ सामाजिक सम्मान (Social Dignity)
- ★ सामाजिक सहभागिता (Social participation)

### सामाजिक सुरक्षाका उद्देश्यहरू

- ★ जोखिममा रहेका व्यक्ति, घरपरिवार तथा समुदायको आर्थिक कल्याण गर्ने,
- ★ विपन्न एवम् गरिवहरूका लागि न्यूनतम आयको वितरण तथा हस्तान्तरण गर्ने,
- ★ कमजोर तथा सिमान्तकृत नागरिकको जीवनयापनको लागि आवश्यक संरक्षण र प्रवर्द्धनका कार्यहरू सञ्चालन गर्ने।
- ★ सार्वजनिक सुरक्षा एवम् समृद्धिको अभिवृद्धि गरी नागरिकहरूको सुरक्षाको प्रत्याभूति दिने।
- ★ सामाजिक बिमा र विभिन्न सुरक्षा कवचका माध्यमद्वारा जीविकोपार्जनको अभावमा सुरक्षाको जोखिममा परेकाहरूको लागि संरक्षण गर्ने।
- ★ समाजका अत्यन्त विपन्न नागरिक तथा बहिष्करणमा परेका वृद्ध, असहाय, अपाङ्ग, एकल महिला, लोपोन्मुख जातिलाई जीविकोपार्जनमा आइपर्ने जोखिमको सामना गर्न सघाउ पुऱ्याउने।
- ★ सरकार एवं नागरिकहरूबीच हार्दिक सम्बन्ध कायम गर्ने।

Question Bank Nepal

★ बेरोगार एवम् जेष्ठ नागरिकहरूलाई सामाजिक विमा तथा अन्य प्रणालीको माध्यमबाट सुरक्षाको व्यवस्था गर्ने ।

★ समाजका सम्पूर्ण सदस्यहरूलाई सम्मानपूर्वक जीवनयापन गर्ने वातावरणको सिर्जना गर्दै सौहार्दपूर्ण सामाजिक व्यवहारको / संस्कारको स्थापना गर्ने आदि ।




## सामाजिक सुरक्षाका माध्यमहरू

सामाजिक सुरक्षाका माध्यमहरू भन्नाले कुनै पनि सरकारले सामाजिक सुरक्षाका गतिविधिहरू सञ्चालन गर्दा अवलम्बन गर्ने देहायका तरिकालाई जनाउँदछ । कुनै पनि देशको सरकारले सामान्यतया निम्न माध्यममार्फत सामाजिक सुरक्षा प्रदान गर्ने गर्दछ ।

१. सामाजिक सहायता (Social Assistance)
२. सामाजिक विमा (Social Insurance)
३. रोजगारी योजना (Emplayement Scheme)
४. लक्षित कार्यक्रम (Targeted Program॰
५. श्रम बजार कार्यक्रम (Labour Market Scheme)
६. सामाजिक सुरक्षा कर (Social Security Tax)

यसरी कुनै पनि देशको सरकारले माथि उल्लेखित विभिन्न माध्यमहरू अवलम्बन गरेर नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्न लागि परेको हुन्छ ।

## नेपालमा सामाजिक सुरक्षा क्षेत्रका कठिनाइहरू

★ सामाजिक सुरक्षाप्रतिको सचेतना कम हुनु र यस क्षेत्र प्राथमिकतामा नपर्नु,

★ संविधान एवम् आवधिक योजनाले अधिकारको रुपमा स्थापित गरेका सामाजिक क्षेत्रका विषयलाई कार्यान्वयन गर्न संस्थागत क्षमता कम हुनु,

★ सामाजिक सुरक्षा कार्यक्रमहरू एकीकृत रुपमा नभई छरिएर कार्यान्वयनमा जाँदा पर्याप्त उपलब्धी हासिल नहुनु,

★ सामाजिक सुरक्षामा संलग्न निकायहरूबीच समन्वय कायम हुन नसक्नु,

★ सामाजिक सुरक्षाका लागि राज्यले पर्याप्त लगानी गर्न नसक्नु,

★ सामाजिक सुरक्षाको प्रवर्द्धन गर्न निजी र गैरं सरकारी क्षेत्र अगाडि नसर्नु,

★ सिद्धान्त एवम् कानुनमा जे भएपनि परम्परागत विभेदयुक्त सामाजिक परिवेश कायमै रहनु,

★ सञ्चालित कार्यक्रमहरू एकातर्फ पहुँच एवम् प्रभावकारिताका हिसाबले अपपर्याप्त हुनु अर्कोतर्फ सुव्यवस्थित रुपमा ती कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण नहुनु,

★ समाजमा मानवीय संवेदनशीलताको कमीले गर्दा मानवीय मूल्य मान्यताले महत्व नपाउनु आदि ।

अन्त्यमा सामाजिक सुरक्षाको अवधारणा संन् १९३७ मा तत्कालीन अमेरिकी राष्ट्रपति रुजवेल्टले अघि सारेको नागरिक अधिकारको अभिन्न अंग हो । विश्वका सबै देशले थोर बहुत रुपमा सामाजिक सुरक्षामा बजेट छुट्याउने गरेको पाइन्छ । अफ जापान, अमेरिका जस्ता विकसित मुलुकहरूमा भने कुल बजेटको २० प्रतिशत भन्दा बढी सामाजिक सुरक्षा क्षेत्रका लागि मात्र छुट्याइएको पाइन्छ । नागरिकलाई आधारभूत आवश्यकता एवम् सुविधा परिपूर्तिका लागि सहयोग गर्ने जस्ता सामाजिक सुरक्षाका उद्देश्यहरू पूरा गर्न सामाजिक बिमा, रोजगारी, योजना, लक्षित कार्यक्रम, श्रम बजार कार्यक्रम जस्ता सामाजिक सुरक्षाका माध्यमहरूको प्रयोग गर्ने गरेको पाइन्छ । सामाजिक सुरक्षाको आवश्यकता एवम् महत्व उच्च रहँदा रहँदै पनि नेपालमा राज्यले यस क्षेत्रमा पर्याप्त लगानी गर्न नसक्नु जस्ता समस्या एवम् कठिनाइहरू विद्यमान रहेको पाइन्छ ।

Question Bank Nepal

**(४) अन्तर्राष्ट्रिय सहयोग भन्नाले के बुझिन्छ ? यसको स्वरुप र महत्वबारे चर्चा गर्दै अन्तर्राष्ट्रिय सहयोग विद्यमान चुनौतीहरू बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।**

**अन्तर्राष्ट्रिय सहयोग**

कुनै राष्ट्लाई सामाजिक, राजनीतिक, प्राकृतिक, मानवीय एवम् आर्थिक विपदका समयमा विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था एवम् राष्ट्हरूले प्रदान गर्ने विशेष प्रकारको सहयोग/राहत नै अन्तर्राष्ट्रिय सहयोग हो ।

वैदेशिक सहायता अविकसित एवम् कमजोर अर्थतन्त्र भएका राष्ट्का लागि प्रदान गरिन्छ भने अन्तर्राष्ट्रिय सहयोग विकसित अविकसित सबै खाले राष्ट्को लागि आवश्यक हुन सक्छ किनभने विपद जुनसुकै समयमा जसलाई पनि पर्न सक्छ जुन मुलकुको नियन्त्रण भन्दा बाहिर हुन्छ ।

अन्तर्राष्ट्रिय सहयोग सबैलाई आवश्यक पर्ने भएता पनि खास गरी समस्याग्रस्त मुलुकका लागि बढी आवश्यक पर्दछ किनकी विनाशकारी भुकम्प, बाढी पहिरो, आँधी एवम् सुनामी, आतंकवादी हमला र महामारी आदि जस्ता प्रकोपको असरलाई यस्ता मुलुक आफैले मात्र न्यूनीकरण वा व्यवस्थापन गर्न सक्दैन । वैदेशिक सहायता जस्तो नियमित रुपमा एवम् दीर्घकालसम्म अन्तर्राष्ट्रिय सहयोग दिइदैन । यो विशेष अवस्था (अप्ठ्यारो परिस्थिति) बाट मुक्ती दिलाउनका लागि केही समयका लागि प्रदान गरिन्छ ।

**अन्तर्राष्ट्रिय सहयोगका स्वरुपहरू**

अन्तर्राष्ट्रिय सहयोग सदैव एकै र समान प्रकारले गर्नु पर्दछ भन्ने हुँदैन । कुनै पनि राष्ट्ले भोग्नु परिरहेको एवम् सामना गर्नु परिरहेको समस्याका आधारमा सो राष्ट्लाई प्रदान गरिने अन्तर्राष्ट्रिय सहयोगको स्वरुप अर्का राष्ट्लाई प्रदान गरिएको भन्दा फरक हुन सक्दछ । समयको परिवर्तन सँगसँगै अन्तर्राष्ट्रिय सहयोगका स्वरुपहरू पनि परिवर्तन भइरहन्छन् तथापि अन्तर्राष्ट्रिय सहयोगको मूल स्वरुपहरूलाई देहायअनुसार व्यक्त गर्न सकिन्छ :-

**(१) मानवीय सहयोग (Humanitarian Co-operation/Support)**

कुनै मुलुक भित्र चर्किएको आन्तरिक द्वन्द्व वा युद्धको अवस्था तथा प्राकृतिक प्रकोप भुकम्प, बाढी पहिरो, सुख्खा आदि जस्ता समयमा घाइतेहरूको उद्धार, उपचार, खाद्यान्न आपूर्ति, आश्रयस्थल (Shelter) को व्यवस्था आदि जस्ता सहयोगलाई मानवीय सहयोग भनिन्छ । यस्तो सहयोग अन्तर्राष्ट्रिय रेडक्रस, संयुक्त राष्ट्संघ अन्तर्गतका विशिष्टीकृत संस्था एवम् मित्रराष्ट्बाट प्राप्त हुन्छ ।

**(२) सुरक्षा सहयोग (Security Co-operation/Support)**

कुनै देशमा भइरहेको आतङ्ककारी गतिविधिलाई रोक्न, बाह्य आक्रमणलाई रोक्न एवम् बाह्य आक्रमणको भयबाट मुक्त राख्न संयुक्त राष्ट्र संघले (सुरक्षा परिषद्मा प्रस्ताव पारित गरी) सुरक्षा सहयोग उपलब्ध गराउन सक्छ । तर कतिपय अवस्थामा संयुक्त राष्ट्संघको स्वीकृति बिना पनि कतिपय शक्तिशाली राष्ट्हरूले सुरक्षा सहयोग उपलब्ध गराएको देखिन्छ ।

**(३) शान्ति स्थापना एवम् निर्माणका लागि सहयोग (Co-operation for Establishment of Peace and Peace building Process)**

देशभित्र विभिन्न पक्षहरूबीच भइरहेको गृहयुद्धलाई रोक्ने एवम् दुई देशबीच भइरहेको युद्धलाई रोक्न संयुक्त राष्ट्संघ (UNO) मार्फत तटस्थ रुपमा उपलब्ध गराइने शान्ति सहयोगलाई Co-operation for establishment of Peace भनिन्छ । यसको उदाहरणका लागि नेपाल समेत संलग्न रहेको संयुक्त राष्ट्संघीय शान्ति सेनालाई लिन सकिन्छ । त्यस्तै गरी शान्ति स्थापना भई सकेपछि राष्ट्का राजनीतिक पक्षहरूबीच वार्ता गराउने मध्यस्थको भूमिका निर्वाह गर्ने, निर्वाचन गराउने, हतियार व्यवस्थापका लागि सहयोग गर्ने जस्ता कार्यहरू गरी अन्तर्राष्ट्रिय सहयोगप्रदान गर्न सकिन्छ । नेपालकै सन्दर्भमा पनि २०६२/६३ को ऐतिहासिक जनआन्दोलन पछि शान्तिको मूल धारमा आएको माओवादीका हतियार व्यवस्थापन एवम् सेना समायोजन गर्न अन्तर्राष्ट्रिय सहयोग प्राप्त भएको थियो ।

**(४) शरणार्थी व्यवस्थापनमा सहयोग (Co-operation for Refugee Settlement)**

कुनै पनि देशमा रहेका बाह्य देशका शरणार्थी मानिसहरूको तथा आन्तरिक रुपले विस्थापितहरूको आवास, खाद्यान्न, स्वास्थ्य सम्बन्धी कार्यका साथसाथै शरणार्थीहरू स्वदेश फर्काउन एवम् अन्य मुलुकहरूमा पुनर्वास गराउनका लागि पनि अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुने गर्दछ । नेपालमा रहेका भुटानी शरणार्थीहरूलाई पुनर्वासका लागि अमेरिका, क्यानडा लगायतका मुलुकले गरेको सहयोग अन्तर्राष्ट्रिय सहयोगको एक उदाहरण हो ।

**अन्तर्राष्ट्रिय सहयोगको महत्व**

★ विपदमा परेका मुलुकहरूलाई समस्याको सहज रुपमा व्यवस्थापन गर्न,

Question Bank Nepal

★ मुलुकहरू/राष्ट्रहरूबीच आपसी भाइचारा र समझदारीको भावना विकास गर्न,
★ विश्वव्यापी रुपमा (देखापर्दै) वृद्धि हुँदै गएका विभिन्न चुनौतीहरूको सामूहिक रुपमा सामना गर्न,
★ विश्वमा बढ्दो हिंसालाई न्यूनीकरण गरी/रोकी शान्ति स्थापना गर्न,
★ द्विपक्षीय र बहुपक्षीय सहयोगको आदान प्रदान गर्न,
★ विश्व्यापी रुपमा आपसी सहयोग एवम् सेवा भावको विकास गर्न आदि ।

कुनै पनि भवितव्य, विपत्ति वा समस्या बिना सूचना नै आइपर्दछन् यस्तो अवस्थामा त्यसको व्यवस्थापनं गर्न जतिसुकै सक्षम राष्ट्लाई पनि गाह्रो पर्दछ। त्यस्तो अवस्थामा अन्तर्राष्ट्रिय सहयोगले त्यस्तो समस्याको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्दछ । तथापि यसका पनि केही आफ्नै नराम्रा पक्षहरू पनि नरहेका भने होइनन् त्यसैले यसका नराम्रा पक्षहरू प्रति सचेत हुँदै अन्तर्राष्ट्रिय सहयोगबाट लाभ उठाउन सक्नु नै बुद्धिमतापूर्ण हुन्छ ।

**अन्तर्राष्ट्रिय सहयोगमा विद्यमान चुनौतीहरू**

वर्तमान समयमा विश्वव्यापी रुपमा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता एवम् महत्व बढ्दै गएसँगै यसका चुनौतीहरू पनि थपिदैं गएको पाइन्छ । समग्रमा अन्तर्राष्ट्रिय सहयोग क्षेत्रका विद्यमान चुनौतीहरूलाई देहाय बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ विश्वमा आतंकवादी हमलाहरू बढ्दै जानु,
★ प्राकृतिक विपत्तिहरू अवरोधका रुपमा अगाडि आउनु,
★ अन्तर्राष्ट्रिय रुपमा सहयोगका क्षेत्रहरू र मात्रा बढ्दै जानु,
★ सुशासनको कमीले यस्ता सहयोगहरूले समुचित प्रतिफल दिन नसक्नु,
★ सहयोग गर्ने मुलुक एवम् संस्थामा लुकेको स्वार्थ,
★ अन्तर्राष्ट्रिय सहयोगको लागि मुलुकहरूबीच प्रभावकारी समन्वयको अभाव रहनु,
★ अन्तर्राष्ट्रिय सहयोग सँगै भित्रिने विभिन्न कुरीति परसंस्कृतिले विभिन्न समस्या उत्पन्न गर्नु आदि ।

अन्त्यमा कुनै पनि मुलुकलाई अन्य राष्ट्र वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने विशेष सहयोग नै अन्तर्राष्ट्रिय सहयोग हो । यस्तो सहयोग मानवीय सहयोग, सुरक्षा सहयोग, शरणार्थी व्यवस्थापन सहयोग आदि विभिन्न स्वरुपमा प्राप्त हुने गर्दछ । अन्तर्राष्ट्रिय सहयोगी नियमित वैदेशिक सहायता, वैदेशिक ऋण एवम् वैदेशिक लगानी भने होइन । अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता एवम् महत्वलाई बुझी यसमा अन्तरनिहित नराम्रा पक्षहरू प्रति सचेत हुँदै यस्तो सहयोग बढी भन्दा बढी भित्र्याई लाभ उठाउन सक्नु नै बुद्धिमत्तापूर्ण हुन्छ ।

**नेपालमा भएका अन्तर्राष्ट्रिय सहयोग**

- विनाशकारी भूकम्पका बेला मानवीय सहायता प्राप्त (सन् १९८८ तथा १९११)
- कोशी बाढीका समयमा प्राप्त मानवीय सहयोग (सन् २००८)
- १० वर्षे सशस्त्र विद्रोहमा बेपत्ता खोजबिन तथा उद्धारका लागि ICRC लगायतले गरेका मानवीय सहायता
- राजाको निरंकुश शासन समाप्त गर्न (२०६२/६३) दलीय सहमति कायम गर्न प्राप्त राजनीतिक सहायता,
- भुटानी शरणार्थी व्यवस्थापनमा सन् १९९१ देखि UNHCR, IOM लगायतले गरेको सहायता
- सेना समायोजन तथा हतियार व्यवस्थापनमा संयुक्त राष्ट्र संघले समेत गरेको सहायता,
- शान्ति र द्वन्द संवेदनशील विकास अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुँदै आएको सहायता आदि ।

**(५) गरिबी भन्नाले के बुझ्नुहुन्छ ? सापेक्ष र निरपेक्ष गरिबी बीचको भिन्नता औंल्याउँदै नेपालमा गरिबी निवारणका लागि भएका प्रयास/व्यवस्थाहरूको सूची बनाउनुहोस् ।**

**गरिबीको परिचय (Introduction of Poverty)**

*"Poverty is the worst form of voilence." - Mahatma Gandhi*

बाँच्नका लागि आवश्यक पर्ने आधारभूत कुराहरू समेत जुटाउन नसक्ने विपन्नताको अवस्था नै सामान्य अर्थमा गरिबी हो । न्यून स्तरको जीविका पनि निर्वाह गर्न नसक्ने अवस्था नै गरिबी हो । बहृत रुपमा भन्दा आर्थिक तथा सामाजिक सेवा, सुविधा प्राप्त गर्ने साधन श्रोत नभएको वा कमी भएको अवस्थालाई गरिबी भनिन्छ ।

सामान्यतया गरिबीलाई निरपेक्ष गरिबी र सापेक्ष गरिबी गरी २ भागमा वर्गीकरण गर्ने गरिन्छ र सामान्य मानिसको सुझबुझमा गरिबीले निरपेक्ष गरिबीलाई जनाउँदछ । निरपेक्ष गरिबी भन्नाले जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम आर्थिक क्षमता समेत नभएको अवस्थालाई जनाउँदछ भने सापेक्ष गरिबीले न्यूनतम स्तरको जीवनस्तर निर्वाह गर्न सक्षम तर तुलनात्मक रुपमा जीवनस्तर तल रहेको अवस्थालाई जनाउँदछ ।

परम्परागत रुपमा भन्दा गरिबी त्यस्तो अवस्था हो जुन अवस्थामा व्यक्तिले आफ्ना जीवन निर्वाहका आवश्यकता समेत पूरा गर्न सक्दैन तर आजको समयमा गरिबीलाई हेर्ने धारणामा परिवर्तन आएको छ । आधुनिक अवधारणा अनुसार गरिबीले आर्थिक विपन्नताको अलावा आधारभूत स्वास्थ्य, शिक्षा एवम् रोजगारबाट बञ्चित भई सदैव Vulnerable स्थितिमा रहिरहनु पर्ने स्थितिलाई समेत इंगित गर्दछ । पहिलेको गरिबीको रुप आर्थिक रुपमा मात्र देखिन्थ्यो भने वर्तमानमा गरिबीका रुपहरू विभिन्न छन्, जस्तै :-

**आर्थिक गरिबी** : मानिसलाई न्यूनतम जीवन यापन गर्न आवश्यक पर्ने आयको कमीको अवस्था

**मानवीय गरिबी** : योग्यता, दक्षता एवम् कार्यक्षमताको अभाव, स्वतन्त्रताको अभाव एवम् व्यक्तिगत सुरक्षाको अभाव ।

**सामाजिक गरिबी** : उपेक्षा एवम् पक्षपातपूर्ण व्यवहारद्वारा पछि पारिएको, नीति निर्णयमा सहभागी हुन नपाउनु, सामाजिक गतिविधिमा भाग लिन पाउने अवसरबाट बञ्चित ।

**गरिबी निवारणका उपायहरू**

**(क) आर्थिक विकास तर्फका उपायहरू**

- कृषि क्षेत्रमा विकास
- औद्योगिक विकास
- पर्यटन प्रवर्द्धन
- जलस्रोतको उपयोग

**(ख) सामाजिक विकास तर्फका उपायहरू**

- गुणस्तरीय शिक्षाको विकास
- स्वास्थ्य सेवा सुविधा
- सामाजिक सुरक्षा
- सामाजिक समावेशीकरण

**(ग) शासकीय सुधार तर्फका उपायहरू**

- प्रभावकारी विकेन्द्रीकरण एवम् स्थानीय निकायको सबलीकरण
- निजी क्षेत्रको सामाजिक उत्तरदायित्वको अभिवृद्धि
- वस्तु तथा सेवाको सहज उपलब्धताको व्यवस्था
- एकाधिकार एवम् कार्टेलिङ प्रथाको अन्त्य
- औद्योगिक एवम् व्यावसायिक विकासमा निजी क्षेत्रको सक्रियता
- सहकारी क्षेत्रले आफ्नो उद्देश्य अनुरुप सामाजिक पूँजी परिचालन
- राज्य सञ्चालनका हरेक क्षेत्रमा सुशासनको प्रत्याभूति ।

**सापेक्ष र निरपेक्ष गरिबी बीच भिन्नता**

गरिबीको रेखाको आधारमा गरिबीलाई मूलत : निरपेक्ष गरिबी र सापेक्ष गरिबी गरी दुई किसिममा वर्गीकरण गरी अध्ययन गर्ने गरिन्छ । यी दुई बीचको भिन्नतालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

**सापेक्ष र निरपेक्ष गरिबी बीचको भिन्नता**

| निरपेक्ष गरिबी (Absolute Poverty) | सापेक्षिक गरिबी (Relative Poverty) |
|---|---|
| (१) निरपेक्ष गरिबी न्युनतम जीवनस्तर भन्दा नराम्रो अवस्था हो । | (१) सापेक्ष गरिबी समाजको तल्लो वर्ग र माथिल्लो वर्गको तुलनाबाट ज्ञात हुने गर्दछ । |
| (२) निरपेक्ष गरिबी बढे देशमा गरिबी बढ्छ भने निरपेक्ष गरिबी घटे देशमा पनि गरिबी घट्छ । | (२) सापेक्ष गरिबी घटबढ भएमा मुलुकको समग्र गरिबी नघट्न पनि सक्छ । |
| (३) निरपेक्ष गरिबी निर्वाहमुखी अवस्थासँग सम्बन्धित हुन्छ । | (३)सापेक्ष गरिबी अधिकारमुखी/ समतावाद सँग सम्बन्धित हुन्छ । |
| (४) निरपेक्ष गरिबी निवारणका लागि उपयुक्त गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा विस्तारमूलक विकास कार्यक्रम आवश्यक पर्दछ । | (४) सापेक्ष गरिबी निवारणका लागि जनताको सामाजिक, आर्थिक, राजनीतिक अवस्थामा सुधार गर्ने कार्यक्रम आवश्यक पर्दछ । |
| (५) निरपेक्ष गरिबीले न्यूनतम आधारभूत आवश्यकताको परिपूर्तिमा जोड दिने कुराको अपेक्षा राख्दछ । | (५) सापेक्ष गरिबीले समावेशी/ सहभागितामूलक/भावनात्मक आत्म समानतामा जोड दिने कुराको अपेक्षा राख्दछ । |

**नेपालमा गरिबी निवारणका लागि गरिएका प्रयासहरू**

गरिबी विकासको सबैभन्दा ठूलो बाधक हो त्यसैले गरिबीलाई न्यूनीकरण गर्नका लागि नेपालमा विभिन्न किसिमका प्रयासहरू गरिएका छन्, जसलाई नीतिगत प्रयास र संस्थागत प्रयास गरी देहायअनुसार उल्लेख गरिन्छ :-



Question Bank Nepal

*(१) नीतिगत प्रयास/व्यवस्था*

★ नेपालको संविधान, २०७२ (धारा ५१) समेत
★ चालु त्रिवर्षीय योजनाले गरिबी निवारणलाई उद्देश्यका रुपमा लिएको (वि.सं. २०७४ सम्ममा गरिबीको रेखामुनी रहेको जनसंख्यालाई १८% मा झार्ने लक्ष्य)।
★ गरिबी निवारण सम्बन्धी २० वर्षे दीर्घकालीन नीति २०५३/५४ (वि.सं. २०७२/०७३ सम्ममा गरिबीको रेखामुनी रहेको जनसंख्या १०% मा झार्ने उद्देश्य)।
★ गरिबी निवारण कोष ऐन तथा नियमावली।
★ पश्चिम उच्चपहाडी गरिबी निवारण कार्यक्रम
★ कामका लागि खाद्यान्न कार्यक्रम, दुर्गम क्षेत्र विकास कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, महिला विकास कार्यक्रम आदि।
★ गरिबको पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम।
★ स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा स्थानीय स्तरमा आयोजना छनौट गर्दा गाउँका जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरिबी निवारणमा सघाउ पुऱ्याउने आयोजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था रहेको देखिन्छ।

***(२) संस्थागत व्यवस्था***

★ प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय
★ राष्ट्रिय योजना आयोग
★ सहकारी तथा गरिबी निवारण मन्त्रालय
★ गरिबी निवारण कोष
★ स्थानीय विकास मन्त्रालय र सो अन्तर्गतका जि.वि.स., नगरपालिका एवम् गा.वि.स.
★ रोजगार प्रवर्द्धन बोर्ड
★ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
★ व्यवस्थापिका संसद एवम् यस अन्तर्गतका विभिन्न विषयगत समितिहरू आदि।

अन्त्यमा गरिबी जो व्यक्ति गरिब छ उसको मात्र समस्या होइन समग्र राष्ट्रकै समस्या हो। किनभने यो राष्ट्रको विकासको बाधक हो। त्यसैले गरिबी निवारणका लागि सशक्त कदम चाल्नु हाम्रो आवश्यकता हो र विगतका वर्षहरू देखिनै सरकारले गरिबी निवारणलाई मुख्य लक्ष्य बनाउँदै निवारणका विभिन्न नीतिगत एवम् कार्यगत व्यवस्थाहरू गर्दै आइरहेको भएता पनि गरिबी निवारणमा आशा गरे अनुरुपको प्रगति हासिल गर्न सकिरहेको देखिँदैन। त्यसैले विगत एवम् वर्तमानका कमी कमजोरीहरूलाई पहिल्याई सोको न्यूनीकरण गर्दै अझ सशक्त तरिकाले अगाडि बढ्नु आजको आवश्यकता हो।

**(६) साझेदारी विकास भन्नाले के बुझिन्छ ? यसका स्वरुपहरूबो चर्चा गर्दै नेपालमा साझेदारी विकासको औचित्य एवम् वर्तमान अवस्थाबारे स्पष्ट पार्नुहोस्।**

**साझेदारी विकासको परिचय**

*"Partnership Development is a customer-centric approach to business development."*

राज्य र राज्य बाहेकका विकासका साझेदार पक्षहरूको दक्षता, विशेषज्ञता र श्रोत साधनको सम्मिश्रण गरी सञ्चालन गरिने विकास नै साझेदारी विकास (Partnership development) हो। साझेदारी विकासको अवधारणाले सन् २००० मा घोषित Millinioum Development Goals को एउटा लक्ष्यको रुपमा Develop a global partnership for development भन्ने उल्लेख भएपछि चर्चा एवम् महत्व पाएको हो।

सार्वजनिक विकास सञ्चालन गर्ने कार्य एवम् सार्वजनिक सेवा सुविधाको वितरण एवम् व्यवस्थापन गर्ने दायित्व सरकारको हो भन्ने परम्परागत मान्यतामा परिवर्तन आई राज्य वा सरकार एक्लैले सम्पूर्ण कार्य गर्न सक्दैन। यसका लागि अन्य सरोकारवाला संघ संस्थाको पनि आवश्यकता पर्दछ भन्ने मान्यताको विकास हुनु नै साझेदारी विकासको अवधारणाको विकास हुनु हो।

साझेदारी विकासलाई सरकारी (केन्द्रीय वा स्थानीय निकाय) र निजी क्षेत्रका कम्पनी, फर्म, संस्था, संगठन, उपभोक्ता समूह र समुदायमा आधारित संस्था वा नागरिक समाजको संलग्नतामा सार्वजनिक सेवा प्रवाह गर्ने र त्यसको जोखिम एवम् प्रतिफल पनि संयुक्त रुपमा sharing गर्ने व्यवस्थाका रुपमा बुझिन्छ।

| साझेदारी विकासका पात्रहरू | |
|---|---|
| (क) सार्वजनिक क्षेत्रका पात्रहरू | समग्र राज्य तथा सरकारका प्रमुख तीन अंग (विधायिका, कार्यपालिका र न्यायपालिका), स्थानीय निकायहरू, सार्वजनिक संस्थानहरू, बहुपक्षीय/बहुराष्ट्रिय निकायहरू आदि। |
| (ख) सामाजिक क्षेत्रका पात्रहरू | सामुदायिक संस्थाहरू, सहकारी संस्थाहरू, उपभोक्ता संघ एवम् महासंघ, NGO/INGO च्यारिटीहरू, स्वयंसेवी संस्था, नागरिक समाज नागरिक मञ्च आदि। |
| (ग) निजी क्षेत्रका पात्रहरू | निजी उद्यमी, आर्थिक संघ संस्था, परामर्शदाता ठेकेदारहरू निकाय, |



Question Bank Nepal

| | |
|---|---|
| | नाफामूलक संस्थाहरू, उद्योग वाणिज्य संघ संगठन, निजी लगानीकर्ताहरू आदि। |

**साझेदारी विकासका स्वरुपहरू**

साझेदारीको स्वरुप राज्यले अवलम्बन गरेको विकास नीति, आर्थिक उदारता आदि जस्तां कुराहरूमा निर्भर गर्ने हुनाले साझेदारीको स्वरुप यही नै हुन्छ भनेर भन्न सकिँदैन। हाम्रो सन्दर्भमा साझेदारी विकाससँग सम्बन्धित अन्य कानून एंवम् पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्वन्धी ऐन, २०६३ एवम् साझेदारी नीति, २०६० समेतका समग्र व्यवस्थालाई हेर्दा साझेदारीका स्वरुपहरूलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

- सेवा करार (Service Contract)
- सञ्चालन तथा मर्मत (Operation Mainteance)
- व्यवस्थापन करार (Management Contract)
- डिजाइन तथा निर्माण (Design and Build)
- निर्माण तथा हस्तान्तरण (Buidling and Transfer - BT)
- बहाल सम्झौता (Lease Purchase)
- निर्माण, सञ्चालन तथा हस्तान्तरण (Building Operating and Transfer - BOT)
- निर्माण, स्वामित्व, सञ्चालन तथा हस्तान्तरण (Build-own-operate- Transfer - BOOT)
- निर्माण, हस्तान्तरण, तथा सञ्चालन (Building Transfer and operation - BTO)
- विकास सञ्चालन तथा हस्तान्तरण (Development operation and Transfer - DOT)
- लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण (Lease, Opeation and Transfer - LOT)
- अस्थायी निजीकरण
- उपभोक्ता समिति र
- अन्य तोकिएका तरिकाहरू।

सार्वजनिक सेवाप्रवाह एवम् देशको सर्वाङ्गीण विकासका निम्ति सरकार र सरोकारवाला अन्य साझेदारहरू बीच आ - आफ्नो क्षमता भएको क्षेत्रमा लगानी गर्ने एवम् सोको सञ्चालन संयुक्त रुपमा गर्ने तथा सिर्जित जोखिम र प्रतिफलको पनि संयुक्त रुपमा बाँडफाँड गर्ने गरी विकास गरिएको विकासको एक अवधरणाको रुपमा रहेको साझेदारी विकासका विभिन्न स्वरुपहरू मध्ये माथी उल्लेखित सेवा करार, BOT, BOOT, DOT, LOT आदि साझेदारी विकासका प्रमुख स्वरुपहरू हुन्।

**नेपालका साझेदारी विकासको औचित्य**

- ★ साझेदारीले अनुत्पादक रुपमा रहेको निजी पूँजी, प्रविधि तथा उद्यमशीलताको उपयोग गर्न मद्दत गर्दछ।
- ★ विकास प्रक्रियामा नागरिक संलग्नतालाई सुनिश्चित गर्दछ।
- ★ यसलै कर्मचारीतन्त्रीय औपचारिक कार्यशैलीलाई लचकताले विस्थापन गर्न सहयोग गर्दछ।
- ★ साझेदारिताले सार्वजनिक नीति तथा कार्यक्रमप्रति स्वामित्वभावको विस्तार गर्दछ।
- ★ साझेदारी विकासले नियम कानुनको औपचारिकतामा मात्र सीमित नरही जोखिम बहनको क्षमता राख्दछ।
- ★ सामाजिक पूँजी निर्माण एवम् दिगो सामाजिक विकास हासिल गर्न महत्वपूर्ण भूमिका खेल्दछ।
- ★ राज्य बाहेकका विकासका साझेदाहरूको क्षमता विकास र प्रवर्द्धन गर्दछ।
- ★ राष्ट्र निर्माण र सामाजिक, आर्थिक रुपान्तरणका लागि सर्वपक्षीय सम्भावना एवम् क्षमताको उपयोग गर्दछ।
- ★ विकासबाट उत्पन्न हुन सक्ने द्वन्द्वको सहज व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ।
- ★ विकास प्रक्रियाको सञ्चालन र व्यवस्थापनलाई पारदर्शी एवम् मितव्ययी बनाउँदै सुशासनयुक्त विकास व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ आदि।

**नेपालमा साझेदारी विकासको वर्तमान अवस्था**

नेपालमा साझेदारी विकासको अवधारणाको विकास भएपश्चात यसका लागि विभिन्न कदमहरू/प्रयासहरू चालिएका छन्। साझेदारी विकासलाई जोड दिँदै नेपालमा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप थुप्रै विकास एवम् सेवा प्रवाह सम्बन्धी कार्यहरू भएका छन्। नेपालमा साझेदारी विकासको विद्यमान अवस्थालाई देहायका बुँदाहरूमा व्यक्त गरिएको छ :-

- ★ निजीकरण ऐन, २०५० जारी भएपछि देशको अर्थतन्त्रमा निजी क्षेत्रको संलग्नतामा वृद्धि आएको।
- ★ स्थानीय स्वायत्त शासन ऐन, २०५५ एवम् नियमावली २०५६ ले दिगो विकासका लागि आधारभूत सेवा प्रदान गर्ने कार्यमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गर्ने उद्देश्यले निजी क्षेत्र साझेदारी प्रवर्द्धन समिति रहने व्यवस्था गरेको।
- ★ सार्वजनिक पूर्वाधार संरचना निर्माण, सञ्चालन र हस्तान्तरण सम्बन्धी नीति, २०५७

Question Bank Nepal

★ करार ऐन, २०५६ तथा करार निर्देशिका २०५९ को व्यवस्था ।

★ स्थानीय निकायको लागि सार्वजनिक निजी साझेदारी नीति, २०६० तथा निर्देशिका २०६१ को व्यवस्था ।

★ पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३

★ नेपालको संविधानको धारा ५१(घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने उल्लेख गरिएको छ ।

निष्कर्षमा, भन्दा साझेदारी विकासको अवधारणालाई मुर्त रुप दिनका लागि नेपालमा विगतका वर्षहरू देखि नै सार्वजनिक निजी साझेदारीको सोँच अनुरुप विभिन्न नीतिगत व्यवस्था गरी सोही अनुरुप काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, बुटवल पावर कम्पनी आदिजस्ता आयोजना सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालन भइरहेका छन् तथापि सम्पूर्ण क्षेत्रमा राज्य पक्षले नै लगानी गर्नुपर्ने मान्यतामा व्यावहारिक रुपमा परिवर्तनको अभाव एवम् लगानी मैत्री वातावरणको अभाव एवम् उपयुक्त प्रभावकारी नीतिगत व्यवस्थाको अभावका कारण साझेदारी विकासको अवधारणाले आशातित रुपमा काम गर्न सकेको अवस्था भने हामीकहाँ छैन ।

**(७) विकास र यसका पूर्वशर्तहरू उल्लेख गर्दै यसका राजनीतिक, आर्थिक, सामाजिक लगायतका विभिन्न पक्षहरूबारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।**

### विकासको अर्थ एवं परिभाषा

मानवको जीवनस्तरमा आएको गुणात्मक सुधार एवम् परिवर्तन नै विकास हो । विकासलाई शाब्दिक अर्थमा उन्नति, प्रगति वा सकारात्मक परिवर्तन भन्न सकिन्छ । विकासको संकुचित अवधारणाले कुनै पनि व्यक्ति, समाज वा राष्ट्रको आर्थिक अवस्थामा आएको सकारात्मक परिवर्तनलाई बुझाउँदछ भने व्यापक दृष्टिकोणमा विकास भनेको व्यक्ति, समाज वा राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक एवम् व्यवस्थापकीय क्षमतामा आएको सकारात्मक परिवर्तन हो ।

कुनै पनि राष्ट्रको विकास स्वतस्फूर्त अर्थात् आफसेआफ एक क्षणको भरमा हुने कुरा होइन, यसका लागि सचेत प्रयत्नको निरन्तर आवश्यकता पर्दछ । वस्तुतः विकासको लक्ष्य प्राप्त गर्न र विकासलाई गतिवान बनाउनमा मुलुकमा विकासको वातावरण पनि बन्नुपर्दछ अर्थात् विकासका लागि केही पूर्वशर्तहरू हुन्छन् जसको विद्यमानतामा मात्र विकासले गति लिन सक्छ ।

| विकासका पूर्वशर्तहरू |
|---|
| (क) स्थिर राजनीतिक व्यवस्था |
| (ख) तटस्थ र सक्षम अड्डातन्त्र |
| (ग) व्यवहारिक योजना |
| (घ) दूरदर्शीता र प्रतिबद्धता |
| (ङ) स्रोतसाधनको उचित परिचालन तथा व्यवस्थापन |
| (च) जनसहभागिता/नागरिक संलग्नता |
| (छ) विशिष्ट संस्कृतिको विकास |

नेपाल मानवीय विकास प्रतिवेदन, १९९८ मा "विकासले जनताको आम्दानी बढाउने कुरा भन्दा अघि बढेर शिक्षा, स्वास्थ्य, राजनीतिक स्वतन्त्रता र सहभागिता, सांस्कृतिक पहिचान तथा मानव कल्याणलाई प्रभाव पार्ने अन्य कैयन पक्ष उपर जनताका छनोटहरूलाई विस्तारित गर्नमा ध्यान केन्द्रित गर्नुपर्दछ" भनेर भनिएको छ । सगम्रमा भन्दा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक एवम् प्रशासनिक अवस्थामा आएको सकारात्मक तथा गुणात्मक बढोत्तरीद्वारा मानवको जीवनको सम्पूर्ण पक्ष एवम् जीवनशैलीमा आउने सुधारको अवस्था नै विकास हो ।

### विकासका विभिन्न पक्षहरू

सबैले बुझेकै कुरा हो, विकासको अन्तिम लक्ष्य भनेकै समग्र मानव विकास हो । मानव जीवनका विविध पक्षहरू हुन्छन् जसलाई विकासले समेट्न सक्नुपर्दछ । त्यसैले विकासको लक्ष्यको रुपमा रहेको मानवजीवनका विविध पक्ष भए जस्तै विकासका पनि विभिन्न पक्षहरू हुन्छन् । विकासका विविध पक्षहरूलाई निम्नानुसार ६ किसिमले वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ –

(१) **आर्थिक पक्ष :–** विकासको सबैभन्दा महत्वपूर्ण एवम् प्रमुख पक्ष नै आर्थिक पक्ष हो र सामान्य मानिसको बुझाइमा विकास भनेको व्यक्तिको वा समाजको आर्थिक अवस्थामा आएको सुधार हो । अर्थशास्त्रीहरूको धारणा के रहेको देखिन्छ भने जबसम्म कुनै राष्ट्रमा आर्थिक क्रान्ति हुँदैन तब सम्म त्यो देशबाट गरिबी हट्दैन र त्यसले विकास गर्न सक्दैन । त्यसैले विकास हुनको लागि त्यहाँको जनताको आर्थिक अवस्था गरिबीको दुष्चक्रबाट बाहिर आउन सक्नुपर्दछ ।

Question Bank Nepal

(२) **सामाजिक-सांस्कृतिक पक्ष :-** विकासको अर्को महत्वपूर्ण पक्षको रुपमा सामाजिक-सांस्कृतिक पक्ष पनि रहेको छ । कुनै पनि राष्ट्रमा विकास हुनको लागि आर्थिक क्रान्तिका साथसाथै त्यहाँको जनताको शिक्षाको स्तर, स्वास्थ्य तथा सामाजिक सेवाको अलवा सामाजिक न्याय, वितरणको समूचित व्यवस्था र रोजगारीको स्तरमा वृद्धि हुनुपर्दछ । कुनै पनि मुलुकको सामाजिक बनोट कस्तो छ, त्यहाँको शिक्षाको स्तर, स्वास्थ्य, सामाजिक सेवा आदिको स्थिति कस्तो छ भन्ने कुराबाट विकासको अवस्था तय हुन्छ । सामाजिक न्याय, वस्तु तथा सेवाको समन्यायिक वितरणको अभाव एवम् बेरोजगारीको समस्या त्यस्तै शान्ति सुरक्षाको स्थिति कमजोर भएमा मुलुक आर्थिक रुपले जती नै सम्पन्न भए पनि विकास गर्न सक्दैन ।

(३) **राजनीतिक पक्ष :-** विकासको अर्को पक्षको रुपमा रहेको राजनीतिक पक्षअनुसार विकास भनेको राजनीतिक संस्थाहरुको सुदृढिकरण र क्षमता वृद्धि, राजनीतिक संस्थाहरूको विविधीकरण र समानतामा वृद्धि हो । वास्तवमा राजनीतिक विकासको अभावमा राज्यले विकासका अन्य दायित्वहरू वहन गर्न सक्दैन । विकास योजनाहरूको तर्जुमा, तिनको सफल कार्यान्वियन, अनुगमन र प्राप्त अनुभवबाट नयाँ योजनाको तर्जुमा पनि राजनीतिक प्रणालीको सक्षमतामा भर पर्दछ । विकासका लागि जनचेतना जगाउनेदेखि लिएर जनपरिचालन गर्ने काम पनि राजनीतिक प्रणालीको क्षमतामा भर पर्छ ।

(४) **प्राविधिक पक्ष :-** विकासको अर्को महत्वपूर्ण पक्ष भनेको प्राविधिक पक्ष हो । प्रविधिको विकासले मान्छेको जीवनमा वा देशको अवस्थामा युगान्तकारी परिवर्तन ल्याइदिन्छ । दोस्रो विश्वयुद्धपछि जुन speed ले प्राविधिक विकास भएको छ त्यो कुरा विश्वयुद्ध हुनुभन्दा अघिको पुस्ताले कल्पना पनि गरेका थिएनन् । आज कृषिमा भएको अनुसन्धान र नयाँ प्रविधिहरूको खोजले विश्वलाई भोकमारीबाट बचाएको छ । वास्तवमा आज अधिकांश विकासशील मुलुकहरू विकासमा पछाडि पर्नुको कारण उनीहरूले प्राविधिक अनुसन्धानमा लगानी गर्न नसकी प्राविधिक विकासमा पिछडिनु नै हो ।

(५) **प्रशासनिक पक्ष :-** विकासका अन्य पक्षहरूजस्तै प्रशासनिक पक्ष पनि एक महत्वपूर्ण पक्ष हो । कुनै पनि देशको सरकारले नीति निर्माण, योजना निर्माण तथा कार्यक्रमहरू तय गर्ने मात्रै हो त्यसको कार्यान्वियन र विकासको फल जनताबीच वितरण गर्ने सवालमा सबैभन्दा महत्वपूर्ण भूमिका प्रशासनको हुन्छ । मुलुकको प्रशासनिक पक्षको विकास भएमा मात्र प्रशासन चुस्त-दुरुस्त, सक्षम र जनमुखी भई राज्य सञ्चालनका सबै क्षेत्रमा आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सक्छ ।

(६) **मानवीय पक्ष :-** विकासको मानवीय पक्षले के विश्वास राख्दछ भने विकासका अन्य पक्ष निरपेक्ष छन् तर विकास कहिल्यै निरपेक्ष हुन सक्दैन त्यसैले समग्रमा विकास हुनका लागि माथि उल्लेखित आर्थिक, सामाजिक-सांस्कृतिक, राजनीतिक, प्राविधिक र प्रशासनिक पक्षको विकास भई त्यसले समग्र मानवीय पक्षको अवस्थामा सकारात्मक परिवर्तन ल्याउन सक्नुपर्छ । अर्थात् विकासको अन्तिम उद्देश्य मानिने मानवीय विकासका लागि अन्य खाले विकासले साधनको काम गर्न सक्दछन् तर यी आफूमा विकासको अन्तिम उद्देश्य हुन सक्दैनन् ।

सारांशमा भन्दा विकास एक सापेक्ष अवधारणा हो । माथि उल्लेखित विकासका विभिन्न ६ पक्षहरुमध्ये एकको मात्र विकास हुन नसकेमा सो विकास पूर्ण हुन सक्दैन । साँचो अर्थमा विकास हुनका लागि देश तथा समाजको आर्थिक पक्ष, सामाजिक-सांस्कृतिक पक्ष, राजनीतिक पक्ष, प्राविधिक पक्ष, प्रशासनिक पक्षको विकासबाट देशको सम्पूर्ण जनताको समग्र मानवीय पक्षमा (जीवनशैलीमा) समान किसिमको सुधार आउनु पर्दछ ।

**(८) समुदायमा आधारित विकासको के महत्व छ ? स्पष्ट पार्दै नेपालमा समुदायमा आधारित विकासमा देखिएका समस्याहरू समाधानका उपायहरू औल्याउनुहोस् ।**

**समुदायमा आधारित विकासको महत्व**

विकास सम्बन्धी निर्णय लगायतका सम्पूर्ण प्रक्रिया, विकासमा लगानी हुने स्रोत, विकास व्यवस्थापन एवम् लाभको उपभोग गर्ने अधिकार प्रत्यक्ष रुपमा सम्बन्धित समुदायमा रहने विकासको मोडललाई समुदायमा आधारित विकास भनिन्छ । सन् १९९० को दशकको मध्यतिर मूलतः विश्व बैंकले यस नवीनतम अवधारणा अगाडि सारेको हो । समुदायमा आधारित यस विकास मोडलको महत्त्वलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ समुदायको वास्तविक आवश्यकतालाई पहिचान गरी विकास योजना छनौट गरी कार्यान्वयनमा ल्याइने ।

Question Bank Nepal

★ विकास प्रक्रियालाई समुदायमुखी तुल्याउने ।

★ विकासका लागि आवश्यक स्रोत साधनको अभाव सम्भव भए सम्म समुदायबाटै पूर्ति गरिने ।

★ समुदायको सामुदायिक प्रतिबद्धता, उत्तरदायित्व, जवाफदेहिता प्रवर्द्धन गरी विकास व्यवस्थापनलाई सुशासनमैत्री बनाउन सकिने ।

★ विकासको प्रतिफललाई समुदायकै अग्रसरतामा दिगो एवम् सुरक्षित बनाउन सकिने ।

★ विकासबाट उत्पन्न हुन सक्ने विवादहरूको निरुपण समुदायमा आधारित रही गर्न सकिने ।

★ समुदायको सरोकारका विषयमा समुदायको सामूहिक निर्णय प्रणालीलाई प्रवर्द्धन गर्न सकिने ।

★ समुदायलाई नै सशक्तिकरण गर्दै विकास क्रियाकलापहरूमा सरकारको कार्यबोझमा कमी ल्याउने ।

★ समुदायमा आधारित विकास मार्फत विकासलाई समुदाय केन्द्रित, समुदाय समार्थित र समुदाय समर्पित गराउने आदि ।

**समुदायमा आधारित विकासमा देखिएका समस्याहरू**

★ समुदायमा रहेका स्थानीय जनशक्तिमा प्राविधिक क्षमताको कमीले यान्त्रिक उपकरणको प्रयोग गरी गरिने विकास निर्माणका कार्यमा समुदायलाई सहभागी गराउन नसकिएको ।

★ श्रममूलक प्रविधिको विकास गर्न नसक्दा भारी उपकरणहरूको प्रयोगबाट लक्षित वर्गले लाभ नभई हानी व्यहोर्नु परेको ।

★ अनावश्यक राजनीतिकरणका कारण विकास प्रक्रियाहरू अन्यौलमा पर्ने गरेका, विकास निर्माणले समग्र समुदायको हित गर्दछ गर्दैन सोको आँकलन नगरेर निश्चित वर्ग तथा राजनीतिक स्वार्थ पूरा हुन्छ हुँदैन भन्ने कुरा प्रमुख मुद्दा बन्नु ।

★ स्थानीय स्तरका उपभोक्ता समितिबाट गराइने कार्यमा पनि उपभोक्ता समितिमै असल नियतका मानिसको कमीका कारण विकास कार्यहरूप्रति स्थानीयको स्वामित्वभाव वा अपनत्व विकास गर्न नसकिएको ।

★ अनावश्यक माफिया/दलालको उपस्थितिले स्थानीय आयोजनामा लागत प्रभावीकरण श्रोतको सदुपयोग हुने किसिमको हुन्छ भन्ने कुरालाई गलत देखाउनु ।

★ असल राजनीतिक संस्कार र विधिको शासनको अभावमा स्थानीय तहमा नेतृत्व विकास गर्ने कार्य ओझेलमा परेको ।

★ पर्याप्त रोजगारी सिर्जना गर्न नसक्दा जनशक्ति पलायनलाई रोक्न नसकिएको जसले गर्दा स्थानीय स्तरमा केही विकास निर्माणका कार्यहरू सञ्चालन गर्दा जनशक्ति/श्रमशक्तिको अभाव हुने गरेको ।

★ विकास आयोजनाहरूमा स्थानीय राजनीतिक भागवण्डा हुने, सम्भ्रान्त वर्गबाट कब्जा हुने आदिजस्ता प्रवृत्तिले गर्दा पिछडिएको वर्ग एवम् समूह सधैँ पछाडि रहने अवस्था रहेको ।

★ स्थानीय निकायले स्थानीय स्वायत्त शासन ऐन अनुसारको अधिकार तथा दायित्व अनुरुप कार्य गर्नु भन्दा केन्द्रीय आदेश, निर्देशन वा श्रोत साधनमा बढी आशक्त हुने गरेको ।

★ स्थानीय समुदायको आवश्यकता एवम् त्यहाँको भौगोलिक वस्तुस्थिति नबुझिकन विकास कार्यहरू सञ्चालन गर्नाले स्थानीयको जीवनस्तरमा सुधार ल्याउन नसकिएको ।

★ पर्याप्त श्रोत साधन, आधिकार र संस्थागत क्षमता विकास बिनै ग्रामीण तहमा विकास कार्यहरु सञ्चालन गरिँदा त्यस्ता कार्यहरू पूरा गर्न समस्या हुने गरेको ।

★ केन्द्रिकृत योजना पद्दति तथा स्थानीय सम्भाव्यता र प्राथमिकता भन्दा तत्कालीन फाइदामुखी विकासको प्रवृत्ति रहेको ।

★ स्थानीय श्रोत साधनको परिचालनमा ध्यान नदिई दाताहरूको सहयोगमा मात्रै मुख ताक्ने प्रवृत्ति रहेको ।

★ राजनीतिक दल एवम् राजनीतिज्ञको निर्वाचन क्षेत्र केन्द्रित विकास पद्दतिले समग्र राष्ट्को सन्तुलित विकास हुन नसकेको ।

★ स्थानीय सीप, श्रोत साधन एवम् क्षमतामा आधरित घरेलु, साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्न नसकिएको ।

**समस्या समाधानका उपायहरू**

★ सामुदायिक विकासका लागि स्थानीय समुदाय, राजनीतिक पार्टी एवम् सरकारी संयन्त्रको भूमिका र जिम्मेवारी स्पष्ट किटानी हुने गरी नीतिगत व्यवस्था गर्ने ।

Question Bank Nepal

★ जनशक्तिमा प्राविधिक सीप एवम् क्षमता विकासका लागि विभिन्न तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमको पर्याप्त व्यवस्था गर्ने ।

★ राजनीतिक सदाचार पद्दतिको विकास गर्ने र अनावंश्यक बिचौलीया एवम् दलालहरूलाई निरुत्साहित गर्ने ।

★ वर्तमान समयमा स्थानीय तहको निर्वाचन नभएका कारण स्थानीय राजनीतिक नेतृत्वको कमीले विकास कार्यहरू सञ्चालन गर्न समस्या परिरहेको अवस्थामा यथाशीघ्र स्थानीय निकायको निर्वाचन गर्नेतर्फ कदम चाल्ने ।

★ वास्तविक उपभोक्ता समूहबाट राजनीतिक हस्तक्षेप मुक्त तरिकाले विकास गर्ने वातावरण मिलाउनुपर्ने ।

★ स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा समयानुसार सुधार एवम् परिमार्जन गर्दै लगि स्थानीय निकायलाई थप अधिकारयुक्त एवम् सशक्त बनाइनुपर्ने ।

★ विकेन्द्रीकरणको अवधारणाको पूर्ण परिपालना गरी केन्द्रिय स्तरबाट सञ्चालन गर्न कठिन हुने खालका कार्यहरू स्थानीय स्तरमा केन्द्रिकृत गर्नुपर्छ ।

★ स्वच्छ सजनीतिक प्रणालीको अभ्यास मार्फत समतामूलक एवम् समावेशी विकासमा जोड दिने ।

★ स्थानीय श्रोत साधन, सीप एवम् प्रविधिमा आधारित विकास प्रक्रियाहरू मार्फत स्थानीय श्रोतको परिचालन र प्रवर्द्धनमा जोड दिने जसले गर्दा जनशक्ति पलायनलाई समेत कम गर्न सकियोस् ।

★ समुदायमा आधारित विकासका निम्ति सामुदायिक सचेतना अभिवृद्धि एवम् नागरिक शिक्षामा जोड दिने ।

यसरी विभिन्न किसिमका समस्याका कारणले गर्दा नेपालमा समुदायमा आधारित विकासको अवधारणा माथि नै शंका उत्पन्न भइरहेको अवस्थामा राज्य, सरकार, राजनीतिज्ञ एवम् स्थानीय तहबाट आ-आफ्नो जिम्मेवारी बोध गर्दै सोही अनुरुपको भूमिका निर्वाह गर्न सकेमा समुदायमा आधारित विकास साँच्चै नै समुदायमा लोकप्रिय बन्न सक्ने थियो किनकी यस्तो अवस्था सिर्जना गर्न सकेमा हामी बीचमा कसैले पनि खेल्न पाउने थिएनन् र विकासको प्रतिफल समुदायले नै प्राप्त गर्ने कुराको सुनिश्चतता समेत बढ्न जाने हुन्छ ।

**(९) नेपालमा वनजंगलको दिगो विकासका लागि कति किसिमले वनको व्यवस्थापन गर्दै आएको पाउनुहुन्छ ? उल्लेख गर्दै वन विनाशका असरहरू र वन विनास रोक्न चाल्न सकिने उपायहरूबारे चर्चा गर्नुहोस् ।**

**नेपालमा वनजंगलको दिगो विकासका लागि वनको व्यवस्थापन**

वन नेपालको एउटा महत्वपूर्ण प्राकृतिक स्रोत हो । नेपालमा वन क्षेत्रबाट प्राप्त हुने योगदानमा अभिवृद्धि गर्न र यसको दिगो विकासका लागि व्यवस्थापनको हिसावले वन क्षेत्रलाई विभिन्न वर्गमा विभाजन गरिएको छ । कानूनतः व्यवस्थापनका विभिन्न नाम भए तापनि नेपालमा मूलतः देहायका चार किसिमले वनको व्यवस्थापन गरिँदै आएको छ ।

संरक्षित क्षेत्र व्यवस्थापन
सरकारद्वारा व्यवस्थित वन
समुदायमा आधारित वन
निजी क्षेत्रद्वारा व्यवस्थित वन

राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरू संरक्षित क्षेत्र व्यवस्थापन पद्दतिभित्र पर्दछन् । नेपालमा सर्वप्रथम वि.सं. २०२९ सालमा चितवन राष्ट्रिय निकुञ्जको स्थापना गरिएपछि संरक्षित क्षेत्र व्यवस्थापन मार्फत संरक्षणको संस्थागत विकास शुरु भएको मानिन्छ ।

सरकारी संयन्त्र आफैले गर्ने व्यवस्थापन पद्दति भित्र पर्ने वन क्षेत्रलाई सरकारद्वारा व्यवस्थित वन मानिन्छ । यस व्यवस्थापन पद्दति अन्तर्गत जिल्ला वन कार्यालयको स्वीकृत वन व्यवस्थापन कार्य योजनाको माध्यमबाट व्यवस्थित गरिने वन जंगल, तिनमा रहेका वन्यजन्तु र जडिबुटी आदि पर्दछन् ।

नेपालमा वि.सं. २०३० को मध्यतिर स्थानीय स्रोतको व्यवस्थापनमा जनसहभागिताको आवश्यकता पर्ने महसुस गरी स्थानीय समुदायले वन व्यवस्थापन गर्ने संस्थागत प्रक्रिया शुरु गरेको देखिन्छ । नेपालमा समुदायमा आधारित वन व्यवस्थापन अन्तर्गत सामुदायिक वन, साझेदारी वन, कबुलियती वन (विपन्न वर्गका लागि) र धार्मिक वन व्यवस्थापन पद्दतिहरू रहेको पाईन्छ ।

व्यक्ति विशेषले आफ्नो हक भोगको जग्गामा लगाएको वा हुर्काएको वन र व्यक्ति वा संस्थाले निश्चित अवधिको लागि सालवसाली दस्तुर तिरी सरकारबाट कबुलियतमा लिई व्यवस्थापन गरिएको वन निजी क्षेत्रबाट व्यवस्थित

Question Bank Nepal

वनअन्तर्गत पर्दछन् । निजी वन सानो परिमाणको हुने भएकाले सामान्यतः यसलाई दर्ता गर्ने प्रचलन कम मात्र रहेको पाईन्छ ।

**वनजंगल विनाशका असरहरू**

वन विनाशले वातावरणमा दीर्घकालीन वा अल्पकालीन असरहरू पार्दछ । वन विनाशको कारण वायुमण्डलमा विभिन्न प्रकारका हानीकारक ग्याँसहरूको मात्रा बढ्दछ जसले वातावरणीय सङ्कटको अवस्था सिर्जना हुन्छ । त्यसैगरी जैविक विविधताको ह्रासले पारिस्थितिक प्रणालीमा अवरोध उत्पन्न हुन्छ । वन विनाशका असरहरूलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ –

| वनजंगल विनासका असरहरू | |
|---|---|
| ▫ मरुभूमिकरण, जमिनको उत्पादकत्वमा कमी आउनु । | ▫ जैविक विविधतामा ह्रास । |
| ▫ भू जैविक, रसायनिक चक्र, पानीको चक्र, नाइट्रोजन चक्रमा असर । | ▫ वातावरणीय असन्तुलन । |
| ▫ उद्योग धन्दा सञ्चालनका लागि आवश्यक पर्ने वन पैदावरको कमी । | ▫ भूक्षय, बाढी पहिरोको प्रकोप । |
| ▫ वायु मण्डलमा कार्वनडाइअक्साइको मात्रा बढ्नु । | ▫ पानीका स्रोतहरू सुक्दै जानु, अम्ल वर्ष, मार्प मानवृद्धि । |
| ▫ पारिस्थितिक प्रणालीमा असन्तुलन हुनु । | ▫ प्रदुषणका मात्राहरू बढ्दै जानु । |

**वनजंगल संरक्षणका मुख्य उपायहरू**

सन्तुलित वातावरण कायम गर्न वनजंगलले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यदि वनजंगल विनाश भयो भने यसले वातावरणलाई असन्तुलित बनाउँछ । त्यसैले वनजंगल विनाश हुनबाट रोक्नु आजको आवश्यकता हो । वनजंगल विनाश हुनबाट रोक्न (वनजंगल संरक्षणका लागि) देहाय बमोजिमका उपायहरू अपनाउन सकिन्छ –

(क) वृक्षारोपण – वनजंगल विनाश हुनबाट रोक्ने/वनजंगल संरक्षण गर्न अवलम्बन गरिने प्रमुख उपाय वृक्षारोपण हो । मुलत : यस उपाय अन्तर्गत वनक्षेत्र लगायत सार्वजनिक, सामुदायिक एवम् निजी क्षेत्रहरूमा वृहत् वृक्षारोपण गरिनु पर्दछ ।

(ख) वन अतिक्रमण, अवैध कटानी, चोरी शिकार तथा वन डढेलोलाई नियन्त्रण गर्न सहभागितामूलक र समन्वयात्मक संयन्त्र निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

(ग) वन तथा जलाधार व्यवस्थापन – वनजंगल संरक्षण गर्न अवलम्बन गरिने एक प्रमुख उपाय वन तथा जलाधार व्यवस्थापन पनि हो । दिगो वन व्यवस्थापन पद्दतिको माध्यमबाट वनको व्यवस्थापन, वन तथा प्राकृतिक सम्पदाको भू-परिधिस्तरमा संरक्षण तथा व्यवस्थापनका अलावा वृहत् जलाधार व्यवस्थापन अवधारणाअनुरुप जलाधारहरूको व्यवस्थापन गरी वनजंगल विनास हुनबाट रोक्न सकिन्छ ।

(घ) वनजंगल विनाश हुनबाट रोकी दिगो विकास र पर्यावरणीय सन्तुलन कायम गर्न वन तथा संरक्षित क्षेत्रहरूको व्यवस्थापन पद्दतिलाई सहभागितामूलक बनाउदै लैजानुपर्दछ ।

(ङ) दिगो वन व्यवस्थापनको रणनीतिक खाका तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने तथा वनक्षेत्रमा लगानी बढाउनका लागि सरकारी र निजी क्षेत्रको पहलमा वन विकास बैंक स्थापना गर्नुपर्दछ ।

(च) स्वदेशी तथा दातृ लगानीमा पारदर्शी, सहभागितामूलक र जवाफदेहीपूर्ण तरिकाबाट वनसंरक्षण सम्बन्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

(छ) पूर्वाधार निर्माण गर्दा वन, वातावरण तथा जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट सुरक्षित रहने गरी कार्यसञ्चालन गर्न समन्वयको व्यवस्था मिलाउनु पर्दछ ।

(ज) वैकल्पिक इन्धनको प्रयोगमा जोड दिंदै अनियन्त्रित वन फडानी गरी परम्परागत उर्जाको रुपमा रहेको दाउराको प्रयोग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

(झ) अनियन्त्रित वन फडानी गरी कृषि र बसोबास गर्ने कार्यलाई नियन्त्रण गर्ने तथा अनियन्त्रित र अनियमित पशुचरण गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

(ञ) वनस्पतिहरूको पहिचान, व्यवस्थापन तथा स्वस्थानीय र परस्थानीय संरक्षण, अध्ययन अनुसन्धान र अभिलेखीकरण कार्यलाई प्रभावकारी गराउँदै दुर्लभ तथा लोपोन्मुख वनस्पतिको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

(ट) सामुदायिक वनलगायत समुदायमा आधारित वन व्यवस्थापनलाई विकास र विस्तार गर्न सामुदायिक वन संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्दछ ।

(ठ) वनजंगल विनास रोक्न वनस्रोतमा आश्रित गरिब, महिला, विपन्न, दलित तथा आदिवासी जनजातिहरूको जीविकोपार्जन सुधारका लागि क्षमता अभिवृद्धि तथा



Question Bank Nepal

सशक्तीकरण र हरित रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

(ड) जनचेतना अभिवृद्धि – वनसम्पदाको महत्व र यसको विनाशबाट मानवमा पर्ने प्रभावहरूबारे जनचेतना अभिवृद्धि गरी वनजंगल विनाश हुनबाट रोकी वनजंगलको संरक्षण तथा विस्तार गर्न सकिन्छ ।

(ढ) संरक्षित क्षेत्रका रुपमा रहने राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ति क्षेत्रको विस्तार गर्दै जानुपर्दछ, जसले गर्दा वनजंगल संरक्षणमा ठूलो सहयोग पुग्दछ ।

(ण) Agro-forestry मा जोड, आगलागी नियन्त्रण, जैविक मार्गको पहिचान एवं संरक्षण, वनस्रोत सम्बद्ध सूचना सङ्कलन तथा प्रविधि विकास एवम् विस्तार, सार्वजनिक-सामुदायिक-निजी-सहकारी क्षेत्रको साझेदारीका माध्यमबाट वन संरक्षणमा लगानी प्रवर्द्धन, कार्वन व्यापारलाई बढवा दिएर पनि वनजंगल विनास रोक्न सकिन्छ ।

**(१०) कार्बन व्यापार बारे जानकारी दिँदै जैविक विविधताको संरक्षणका लागि नेपालले गरेका प्रयासहरू उल्लेख गर्नुहोस् ।**

**कार्वन व्यापार (Carbon finance)**

कार्वन उत्सर्जकले कार्वन प्रशोचकलाई क्षतिपूर्ति दिनु पर्दछ भन्ने अवधारणा नै कार्वन व्यापार हो । जसको उद्देश्य विश्वको अर्थ व्यवस्थालाई खलबलिन नदिई विश्वको जलवायु परिवर्तनलाई काबुमा राख्नु हो । वायुमण्डलमा हानिकारक हुने किसिमका ग्याँस बढी उत्सर्जन गर्ने राष्ट्रले कम उत्सर्जन गर्ने राष्ट्लाई आर्थिक रकम दिने प्रक्रियालाई कार्वन व्यापारले संकेत गर्दछ ।

Carbon finance is a new branch of Environmental finance. Carbon finance explores the financial implications of living in a carbon-constrained world, a world in which emissions of carbon dioxide and other greenhouse gases (GHGs) carry a price. - **Wikipedia, the free encyclopedia**

विश्वका सम्पूर्ण राष्ट्हरूले एक निश्चित सीमा सम्म कार्वन उत्सर्जन गर्न पाउने र सो सीमा भन्दा बढी मात्रामा कार्वन उत्सर्जन गर्ने राष्ट्रले कम उत्सर्जन गर्ने राष्ट्लाई सो बापतको रकम बुझाउनुपर्ने व्यवस्था नै कार्वन व्यापार हो । कार्वन व्यापारको अवधारणा सन् १९९७ मा जापानको क्योटो शहरमा भएको जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा आएको हो जसमा विश्वका १८० राष्ट्रले सहभागिता जनाएका थिए ।

कार्वन उत्सर्जनमा कायम गरिएको सीमाले विश्वको विकासको गतिमा कमी आउने हुनाले औद्योगिक राष्ट्हरूले कार्वन उत्सर्जन मात्र होइन यस सँगै कार्वनको खरिद पनि गर्न पाउने अवस्थाको सिर्जना कार्वन व्यापारले गर्दछ जसले गर्दा औद्योगिक एवम् विकसित राष्ट्रले एकातर्फ औद्योगिक उत्पादनमा कमी ल्याउन पर्दैन भने न्यून एवम् कम विकसित राष्ट्रले क्षतिपूर्ति समेत प्राप्त गर्न सक्दछ त्यसैले कार्वन व्यापार आजको बहुचर्चित विश्वव्यापी अवधारणा हो ।

सन् १९९७ मा भएको उक्त क्योटो सम्मेलनमा औद्योगिक राष्ट्हरूले सन् २००८ देखि २०१२ सम्म कार्वन लगायत ग्रिन हाउस ग्याँसको उत्सर्जन सन् १९९० को भन्दा ५.२% घटाउने गरी सहमति भएको थियो । समग्रमा भन्दा अल्पविकसित वा विकासोन्मुख मुलुकले वनजंगल जोगाउने, अन्य स्वच्छ संयन्त्र अवलम्बन गर्ने, कार्वन लगायत जलवायु परिवर्तनमा योगदान दिने ग्याँसहरू उत्सर्जन नगर्ने त्यसको सट्टा प्रशोचन/शेचन गर्ने र त्यसबापत औद्योगिक मुलुकहरूले शुल्क तिर्ने पद्दतिलाई कार्वन व्यापार भनिन्छ ।

**जैविक विविधता/वातावरण संरक्षणमा भएका प्रयासहरू**

(क) संवैधानिक व्यवस्था :- नेपालको वर्तमान संविधान २०७२ ले धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था गर्दै धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जैविक विविधता/वातावरण संरक्षण मैत्री दिगो विकासमा जोड दिइएको पाइन्छ ।

(ख) कानूनी व्यवस्था :- नेपालले जैविक विविधता संरक्षण गर्नका लागि विभिन्न ऐन, नियमहरू जारी गरी कार्यान्वयनमा ल्याएको छ । उदाहरणको लागि :- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, जलचर संरक्षण ऐन, २०१७, विरुवा संरक्षण ऐन, २०४९, वन ऐन,२०४९ आदि र यी ऐन अन्तर्गत तर्जुमा गरी लागू गरिएका विभिन्न नियमावलीहरू ।

(ग) आवधिक विकास योजना :- योजनाबद्ध विकासको अवधारणा अनुसार छैठौं योजनादेखि वातावरण संरक्षण विषय सम्बोधित हुँदै आई जैविक विविधता संरक्षणमा पछिल्ला आवधिक योजनाहरूले पनि विभिन्न नीति तथा कार्यनीतिहरू उल्लेख गरेको पाइन्छ ।

(घ) नेपालले जैविक विविधता संरक्षण गर्नका लागि विभिन्न योजना, नीति तथा एजेण्डाहरू तयार गरी

कार्यान्वयनमा ल्याएको छ । उदाहरणको लागि – कृषि जैविक विविधता नीति,२०६३, नेपालका लागि दिगो विकास एजेण्डा, २०५९; दीर्घकालीन कृषि योजना तथा कृषि नीति, राष्ट्रिय सिमसार नीति, २०५९, जैविक विविधता कार्य योजना, २००३ आदि लाई लिन सकिन्छ ।

(ङ) नेपालले अन्तर्राष्ट्रिय महासन्धि/सन्धि/अभिसन्धि सम्झौताहरूको पक्ष राष्ट्र भएर विश्वसामु जैविक विविधता संरक्षणमा प्रतिबद्धता जनाएको छ । उदाहरणको लागि-जैविक विविधता महासन्धि, १९९२, दुर्लभ वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (CITES) आदि लाई लिन सकिन्छ ।

(च) जैविक विविधता संरक्षण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको तर्फबाट सरकारी एवं गैर सरकारी रुपमा प्रतिनिधित्व हुँदै आएको पाइन्छ ।

(छ) संरक्षण क्षेत्रको व्यवस्थाः– नेपालले जैविक विविधता संरक्षणका लागि विभिन्न भौगोलिक स्थानमा १० राष्ट्रिय निकुञ्ज, ३ वन्यजन्तु आरक्ष, १ सिकार आरक्ष, ६ संरक्षण क्षेत्रका साथै एक दर्जनभन्दा बढिमध्यवर्ती क्षेत्रहरूको स्थापना गरेको पाइन्छ ।

(ज) संस्थागत व्यवस्थाहरू :– जैविक विविधताको संरक्षण सन्दर्भमा नेपालमा विभिन्न संस्थागत व्यवस्थाहरू समेत गरिएको छ । जैविक विविधताको अध्ययन, अध्यापन अनुसन्धान एवं संरक्षणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू कार्यरत रहेका पाइन्छ । उदाहरणको लागि – वन तथा भू संरक्षण मन्त्रालय र यस मातहतका निकायहरू विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय र यस मातहतका निकायहरू आदिलाई लिन सकिन्छ ।

(झ) जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय दिवस मे २२ नेपालले पनि विभिन्न कार्यक्रमका साथ मनाउँदै आइरहेको छ ।

(ञ) बार्षिक बजेट :– नेपाल सरकारले सालबसाली रुपमा आउने बार्षिक बजेटमा समेत जैविक विविधता तथा वातावरण संरक्षणका लागि विभिन्न कार्यक्रमहरू ल्याउने गरेको छ ।

OOO

Question Bank Nepal